## डेंगु संक्रमित बढे

काठमाडौं। चितवनमा डेंगुबाट दुई हजार तीन सय ६ जना संक्रमित भएका छन्। आर्थिक वर्ष २०७९-८० मा जिल्लामा डेंगुबाट चार जनाको मृत्यु भएको छ। जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी राम केसीका अनुसार गत आवमा जिल्लाका विभिन्न अस्पतालमा १४ हजार ७२८ जनाको परीक्षण गरिएकामा तीन हजार तीन सय २४ जनामा डेंगुको संक्रमण देखिएको थियो। चितवन बाहिरका ६ सय ९५ जना र ठेगाना नखुलेका तीन सय २३ जना डेंगुबाट संक्रमित भएका थिए।

जिल्लामा सबैभन्दा धेरै भरतपुर महानगरपालिकामा डेंगुको संक्रमण देखिएको केसीले बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## ईयूद्वारा नेपाललाई २ अर्ब १७ करोड रुपैयाँ सहयोग

काठमाडौं। युरोपेली संघ (ईयू) ले नेपाललाई १ करोड ६७ लाख अमेरिकी डलर अर्थात् २ अर्ब १७ करोड रुपैयाँ बराबर सहयोग प्रदान गरेको छ। जसमध्ये कृषि क्षेत्रका लागि १ करोड २० लाख डलर र विद्यालय विकास क्षेत्रमा ४७ लाख डलर खर्च हुनेछ।

नेपालस्थित ईयूले विज्ञप्ति जारी गर्दै सहयोग रकमबारे जानकारी दिएको हो। नेपालका लागि ईयूकी राजदूत नोना डेप्रेजले सन् २०१५ देखि कृषि विकास रणनीति र सन् २०१६ देखि विद्यालय क्षेत्र विकास कार्यक्रमको सुरुआत गरेदेखि आएका नतिजा र बाँकी ८ पेजमा

वर्ष १२ अंक १५, २०८० साल साउन ५ गते शुक्रबार, नेपाल संवत् ११४३ (July 21, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# मणिपुर हिंसा : भारतीय लोकतन्त्रको कुरूप चेहरा

काठमाडौं। कुनै बेला स्वतन्त्र र सार्वभौम हिमाली अधिराज्य थियो मणिपुर। सन् १९५० पछि यसको अस्तित्व हरायो। लद्दाख, कस्मिर, सिक्किम मणिपुरजस्ता हिमाली राज्यहरूका स्वतन्त्र अस्तित्व अहिले मानचित्रमा भेटिँदैन। यी सबै एक समयका स्वतन्त्र राज्यहरू भारतीय मानचित्रमा समेटिएका छन्। एक सय नब्बे वर्षसम्म भारतमा इस्ट इन्डिया कम्पनीका रुपमा औपनिवेशिक राज चलाएको ब्रिटेनले यी राज्यहरूलाई आफ्नो अधिनस्थ गर्न सकेको थिएन। यी राज्यहरूलाई अंग्रेजहरूले भारत छोडिसकेपछि तत्कालीन नेहरू सरकार, इन्दिरा सरकार हुँदै पछिल्लो समय मोदी सरकारले कस्मिरलाई दिएको विशेष राज्यको दर्जा समेत खोसेर केन्द्र सरकारको मातहतमा राख्यो। मणिपुरलाई सन् १९५१ मा भारतले आफूमा समाहित गऱ्यो। त्यहाँको राजतन्त्र र राजपरिवारलाई अन्त्य र छिन्नभिन्न पारियो। मणिपुरे महाराजकी कान्छी छोरी विनोदिनी देवीले यसबारे संस्मरण नै लेखेकी छिन्। भारतका चर्चित सगीतकार एवं गायक आरडी वर्मन मणिपुरे राजकुमार हुन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ। सायद मणिपुर स्वतन्त्र राज्य हुन्थ्यो भने उनी त्यहाँका राजा हुन्थे। तर उनलाई नियतिले ठग्यो। बलिउडको रंगीन दुनियाँमा पत्नी आशा भोसलेसँग रमाउँदै उनको जीवन तुरियो।

भारतको सुन्दर उत्तरपूर्वी राज्य मणिपुर गत मे महिनाको ३ तारिखदेखि अशान्त छ। रथाने मणिपुरी र अल्पसंख्यक जनजाति कुकीबीचको द्वन्द्व बढेको बढ्यै छ। हिंसामा १४२ जनाले ज्यान गुमाइसकेका छन्। यो त्यहाँको सरकारी तथ्यांक हो। विभिन्न सञ्चार माध्यमहरूले दुई सय बढीको मृत्यु भएको दाबी गरेका छन्। ६० हजारभन्दा बढी विस्थापित भएका छन्। एक मन्त्रीसहित साढे पाँच हजार घरधुरीमा आगजनी गरिएको छ। हिंसाको प्रत्यक्ष प्रभावमा परेका ५५ हजारभन्दा बढीलाई सरकारले शिविरमा आश्रय दिएर राखेको छ।




मणिपुर उच्च अदालतले अप्रिल १९ मा रैथाने मणिपुरी (मैतेई) समुदायलाई अनुसूचित जाति (सेड्युअल कास्ट) को दर्जाका लागि केन्द्रीय जनजाति मामिला मन्त्रालयमा सिफारिस गरेपछि जातीय द्वन्द्व सुरु भएको हो। मणिपुर घटनालाई लिएर भारतीय संसदका विपक्षी सांसदहरूले मोदी सरकारलाई घेराबन्दी गर्न थालेपछि महिनाअघि केन्द्रीय गृहमन्त्री अमित शाह इम्फाल पुगे। वार्ताद्वारा समस्याको समाधान गरिनुपर्छ भन्दै द्वन्द्व रोक्न उनले आग्रह गरे। तर उनको आग्रहलाई त्यहाँका द्वन्द्वरत पक्षले कुनै वास्ता गरेनन्। दनदनी दन्किरहेको मणिपुर हेरेर चुपचाप दिल्ली फर्किए उनी। भारतका पूर्वोत्तर राज्यहरूमा मणिपुर अक्सर शान्त राज्य मानिन्थ्यो। तर अहिले स्थिति भयावह छ।

भारतीय सञ्चार माध्यम इन्डियन एक्सप्रेसका अनुसार उपत्यकाका पूर्व र पश्चिम इम्फाल, चुराचन्दपुर, ककिचङ र विष्णुपुर तथा पहाडी जिल्लाहरूमा काङपोकपी, टेङनौपाल, थौबल, कमजोङ र चन्देलमा हिंसाको सबभन्दा बढी प्रभाव परेको छ। पहाडी क्षेत्रमा कुकीको बसोबास छ, उपत्यकामा मैतेईहरू बस्छन्। केन्द्र र राज्य सरकारले द्वन्द्वलाई नियन्त्रणमा ल्याउने भरपुर प्रयास भइरहेको दाबी गरे पनि मणिपुरमा द्वन्द्व चर्किएको छ। लाग्छ मणिपुरमा 'ल एन्ड अर्डर' निष्प्रभावी भएको छ। भारतीय जनता पार्टी नेतृत्वको केन्द्र सरकार समस्या सुल्झाउन उदासिन छ। जातीय द्वन्द्वको दुष्परिणाम कति भयावह हुन सक्छ, रुवान्डा, सुडानलगायतका अफ्रिकी मुलुकहरू गवाही छन्।

मणिपुर हिंसा जातीयसँगै धार्मिक पनि हो। रैथाने मैतेई हिन्दु हुन्। कुकी र नागा इसाई/मुस्लिम समुदायको पनि मणिपुरमा सानो हिस्सेदारी छ। भारतले सार्वजनिक गरेको पछिल्लो तथ्यांकअनुसार मणिपुरमा हिन्दु र इसाइको जनसंख्या करिब हाराहारी छ। हिन्दु ४१.३९ र इसाइ ४१.२९ प्रतिशत छन्। मुस्लिमको जनसंख्या ८.४० प्रतिशत मात्र छ। सन् १८९४ मा मणिपुरमा पहिलो पटक क्रिश्चियन मिसनरी प्रवेश गरेको थियो। मणिपुरका जनजाति बाहुल्य क्षेत्रमा प्रवेश गरी व्यापक रुपमा क्रिश्चियन धर्मको प्रचार गरियो। सन् १९०१ सम्म ८ प्रतिशत रहेको क्रिश्चियन जनसंख्या अहिले २०२३ मा ४१.२९ प्रतिशत पुगेको छ। केन्द्रीय सरकार नै भारतमा हिन्दुज्म कायम गर्न उद्यत छ। राष्ट्रिय स्वयंसेवक संघ भारतलाई नै हिन्दु राज्य बनाउने महत्वाकांक्षा छ। अखण्ड भारत हिन्दु हिन्दी र हिन्दुत्व सावरकरको सपनालाई साकार पार्ने मुहिममा यो अतिवादी हिन्दु संगठन छ। यसलाई विश्वको ठूलो संगठन समेत भन्ने गरिन्छ। धार्मिक द्वन्द्वका कारण बाँकी ८ पेजमा

## कोसी प्रदेशमा टर्ला मध्यावधि निर्वाचन ?

काठमाडौं। प्रमुख राजनीतिक दलको केन्द्रीय सिन्डिकेटका कारण कोसी प्रदेश सरकार संकटमा फसेको छ। कोसीमा सत्ता गठबन्धन र प्रतिपक्ष दुवैको बहुमत नपुगेपछि अब सरकारको भविष्य के हुने भन्ने अन्यौल उत्पन्न भएको छ। प्रदेश सभाका सभामुख बाबुराम गौतमले नै गठबन्धन सरकारको पक्षमा हस्ताक्षर गरेपछि उत्पन्न विवाद सर्वोच्च अदालतमा पुगेर सरकार कामचलाउमा परिणत भएको छ।

कोसीमा ९३ सदस्यीय प्रदेश सभामा सत्तागठबन्धन कांग्रेसका २९, माओवादीका सभामुखसहित १३, एकीकृत समाजवादीका ४ र जसपाका १ गरी ४७ छन्। प्रतिपक्षमा एमालेका ४० र राप्रपाका ६ गरी ४६ छन्। सभामुख गौतमले बहुमत पुऱ्याउन हस्ताक्षर गरेपछि कांग्रेसका उद्धव थापा असार २१ मा मुख्यमन्त्री भएका थिए। राप्रपाले सत्ता गठबन्धनलाई समर्थन नगरेसम्म कोसी सरकारले विश्वासको



मत पाउन सक्ने अवस्था छैन। राप्रपा र एमाले गठबन्धन बन्यो भने पनि १ सिट रहेको जसपाको समर्थन नभए सरकार बन्ने सम्भावना छैन।

०७९ पुस १० मा एमाले र माओवादी गठबन्धन बनेपछि एमालेका हिक्मतकुमार कार्की मुख्यमन्त्री भएका थिए। दुई दलको गठबन्धन टुटेसँगै गत असार १५ मा कोसी सरकार ढलेपछि राजनीतिक संकट चुलिएको छ। अहिले कांग्रेसका मुख्यमन्त्री रहेका उद्धव थापाको नियति पनि कार्कीकै जस्तै हुने संकेट देखिँदैछ। राप्रपालाई सत्तामा ल्याउने कांग्रेस, माओवादी प्रयासले अहिलेसम्म सार्थकता पाउन सकेको छैन।

नेपालको संविधान धारा १६८ को उपधारा २ मा दुई वा दुईभन्दा बढी दलको समर्थनमा सरकार गठन गर्न सकिने, उपधारा ३ मा ठूलो दलको नेतृत्वमा प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्न सक्ने व्यवस्था छ। त्यस्तो सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने छ। कुनै सरकारले विश्वासको मत लिन नसकेको अवस्थामा उपधारा (७) मा मुख्यमन्त्रीको सिफारिसमा प्रदेश सरकारले प्रदेश सभालाई विघटन गरी ६ महिनाभित्र बाँकी ८ पेजमा

## युएईलाई हरायो नेपालले

काठमाडौं। नेपालले एसीसी इमर्जिङ टिम्स एसिया कपमा आफ्नो अन्तिम खेल युएई ए लाई पराजित गरेको छ। कुशल भुर्तेलले लिएका ६ विकेट तथा सानदार अर्धशतकको सहयोगमा नेपालले युएई ए लाई ३ विकेटले पराजित गरेको हो। युएईले दिएको १ सय ५८ रनको लक्ष्य नेपालले मात्र २३ ओभरमा ७ विकेट गुमाएर पूरा गर्यो। बाँकी ८ पेजमा

## सम्झौतापछि फोहोर ढुवानीको अवरोध हट्यो

काठमाडौं। उपत्यकाको फोहोर ढुवानीमा अवरोध गर्दै आएका ल्यान्डफिल साइट बन्चरेडाँडा र सिसडोलका बासिन्दाले आन्दोलन रोकेका छन्। सहरी विकास मन्त्रालयसँग बुधबार तीनबुँदे मौखिक सहमतिपछि उनीहरूले आन्दोलन रोकेका हुन्। फोहोर यथोचित रूपमा व्यवस्थापन गर्ने, फोहोरकै कारण बाँकी ८ पेजमा

## संसद भवन निर्माणमा ठेकेदारलाई ताकेता

प्रदीप प्रसाईं



काठमाडौं। विशेष भवन निर्माण आयोजनाअन्तर्गत सञ्चालित संघीय संसद भवन निर्माणलाई ठेक्का म्याद अवधिभित्र निर्माण सम्पन्न गर्न आयोजना पक्षले निर्माण कम्पनी तुँदी कन्स्ट्रक्सन (एसएचइसी) जेभीमाथि दबाब बढाउन थालेको छ।

सहरी विकास तथा भवन विभागका उपमहानिर्देशक मचाकाजी महर्जनको नेतृत्वमा कडा अनुगमन, निर्देशन र सुपरभिजनमा सम्पन्न भइरहेको यो बहुवर्षीय ठेक्का प्रणाली अन्तर्गतको विशेष भवन आर्किटेक्चरल क्षेत्रमा नेपालको लागि कोशेढुंगा सावित हुनेछ। बाँकी ८ पेजमा

## नेपाल सम्पत्ति शुद्धीकरण : अन्तर्राष्ट्रिय निगरानीमा

काठमाडौं। नेपाल सम्पत्ति शुद्धीकरण मामिलामा अन्तर्राष्ट्रिय निगरानीमा परेको छ । क्यानडामा भएको सम्पत्ति शुद्धीकरण मामिलामा एसिया प्रशान्त क्षेत्र हेर्ने समूह (एपिजी अन मनी लाउन्डरिङ) को वार्षिक साधारणसभाले नेपाललाई निगरानीमा राख्ने निर्णय गरेको हो ।

गत ९-१४ जुलाई (२४-२९ असार)मा नेपालसहितका देशको पारस्परिक मूल्यांकन भएको थियो । त्यसले नेपाललाई तत्कालका लागि निगरानीमा राख्ने निर्णय गरेको सम्मेलनमा सहभागी एक प्रतिनिधिले बताए । सम्मेलनमा भाग लिन गएको गभर्नर महाप्रसाद अधिकारी नेतृत्वको टोलीका अधिकांश मंगलबार साँझ बाँकी ८ पेजमा

## १६ अर्बले घट्यो वैदेशिक लगानी प्रतिबद्धता

काठमाडौं। आर्थिक वर्ष २०७९-८० मा वैदेशिक लगानी प्रतिबद्धता घटेको छ। उद्योग विभागका अनुसार अघिल्लो आव २०७८-७९ को तुलनामा १६ अर्ब रुपैयाँले वैदेशिक लगानी प्रतिबद्धता घटेको हो।

विदेशी लगानीमा ५ करोडको न्यूनतम सीमा रहेकामा अहिले २ करोडको सीमा कायम गर्दा पनि विदेशी लगानीमा आकर्षण हुन सकेको छैन। आव २०७९-८० मा ३ सय २७ वटा उद्योग खोल्ने प्रतिबद्धतासहित ३८ अर्ब ४० करोड ७५ लाख ६६ हजार रुपैयाँ मात्र प्रतिबद्धता आएको छ। अघिल्लो आव २०७८-७९ मा ५४ अर्ब १५ करोड रुपैयाँको प्रतिबद्धता आएको थियो। बाँकी ८ पेजमा

## थप बिजुली लैजान भारतको आनाकानी

काठमाडौं। नेपालले भारतलाई मध्यकालीन विद्युत व्यापारका लागि प्रस्ताव गरेको लामो समय भयो। मध्यकालीन विद्युत व्यापारका लागि नेपालले गत फेब्रुअरी १५ मै प्रस्ताव गरेको थियो। नेपालले भारतको एनटिपिसी विद्युत व्यापार निगम (एनभिभिएन) लाई विभिन्न पाँच जलविद्युत आयोजनाको विद्युत बिक्रीका लागि प्रस्ताव गरेको थियो। मध्यकालीन विद्युत व्यापार सम्झौता (पिपिए) गरेर थप ३०० मेगावाट बिजुली भारत निर्यात गर्ने योजना छ। बाँकी ८ पेजमा

## सोवितालाई "पोलिटिसियन अफ द इयर" अवार्ड



काठमाडौं। राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतम 'योङ वर्ल्ड पोलिटिसियन अफ द इयर' अवार्ड जितेकी छन्। अवार्डका लागि सोवितासँगै चिलीकी महिला तथा लैंगिक समतामन्त्री एन्टोनिया कस्मिका लगायत विभिन्न देशका १५ सांसद, मेयर लगायतलाई सर्टलिस्टमा बाँकी ८ पेजमा


## महादेवको आराधना र सोमबारको महत्व

सन्दर्भ भानुजयन्ती

■ दीर्घराज प्रसाईं

२०८० सालको साउन महिनामा पाँच सोमबार परेको छन्। शिवको आराधनाका लागि साउनको सोमबमर नेपाल, भारतलगायत विश्वभरका हिन्दुहरूका लागि ठूलो महत्व छ। साउनको सोमबार पशुपतिनाथलगायत विश्वका शिव मन्दिरमा आराधनाको लागि भीड लाग्न थाल्छ। साउनको सोमबारमा पशुपतिनाथ र शिपाडोलमा अवस्थित डोलेश्वर महादेवलगायत गोकर्ण, कुम्भेश्वर, गोसाइकुण्ड पिण्डेश्वर आदि शिव मन्दिरमा भक्तजनको ठूलो संख्यामा महिला पुरुषको पूजाआराधनाका लागि उपस्थिति हुन्छ। पशुपतिनाथ र केदारनाथ र डोलेश्वर महादेवको अपरम्पार महिमा छ। डोलेश्वर महादेन केदारनाथका शिरका रूपमा मानिन थालिएको छ। पशुपतिनाथ र डोलेश्वर महादेवको महिमा अपरम्पार छ। हिमालयको दक्षिण, गंगाको उत्तर, काठमाडौं उपत्यका रूद्रको अति नै प्रिय क्षेत्र हो। प्रथम गोपालवंशी राजा भुक्तमानले पशुपतिनाथको दिव्यज्योति प्रकट भएको देखेर पशुपतिनाथको देवल बनाएको उल्लेख छ।

पशुपतिनाथलाई शिव, महादेव, रूद्र, किरातेश्वर, शंकर, शम्भु, ज्योतिलिंग आदि विभिन्न नामले पुकारिन्छ। हिन्दु तथा बौद्धहरूले पशुपतिनाथको साथै डोलेश्वर महादेव, अमरनाथ, विश्वनाथ, कैलास-मानसरोवर, गोसाइकुण्डलाई शिवजीको तपोभूमिका रूपमा मान्छन्। महादेवको पूजा आराधनामा शिवरात्री, बालाचतुर्दशी, साउने सोमबार अति नै प्रिय मानिन्छन्। नेपाल र भारतका शिव मन्दिरमा सोमबारको दिन रातास्य महिलाहरू र विभिन्न भेषका पुरुष भक्तजनबाट बोलवम भन्दै पवित्र, नदी, तालबाट घडाका घडा जल महादेवमा चढाउने काम गरिन्छ। विशेष गरेर साउने सोमबार महिलाले आफ्ना पति, सन्तानको समृद्धिको



कामना गरेर उपवास (व्रतमा) लिन रहन्छन्। हिमालयको दक्षिण, गंगाको उत्तर, काठमाडौं उपत्यका रूद्रको अति नै प्रिय क्षेत्र मानिन्छ। पशुपतिनाथकै प्रतापले गोसाइकुण्ड, पिण्डेश्वरलाई पवित्र क्षेत्रका रूपमा लिइन्छ। त्यस्तै, अमरनाथ, विश्वनाथ, कैलाश मानसरोवरलाई शिवजीको तपोभूमिका रूपमा विश्वभरका हिन्दु तथा बौद्धहरू मान्ने गर्छन्।

हिमवतखण्डमा वेद, उपनिषद्, पुराण तथा अनेकौं नीतिशास्त्रको जन्म भएको र यहाँका हिमाल र नदीबाट जसरी यो क्षेत्र सिंचित भएका छन् त्यसरी नै अनेकौं तेजस्वी ऋषिमुनिका तपबाट ज्ञानका अशश्रधारा बग्न पुगेका छन्। सप्तगण्डकीमा काश्यप ऋषि, पुलस्त्य ऋषि, कोसी किनारमा कौशिक ऋषि (विश्वामित्र), दमौलीमा वेदव्यास, तत्वज्ञानी दार्शनिक राजा जनकको राज्यमा याज्ञवल्क्य, गार्गी मैत्रेयी, गण्डकमा बाल्मिकि ऋषि, बाग्मती किनारमा 'ने'मुनि नामका ऋषि र ऋगवेदमा किरातीका ऋषि आकुनीले ख्याती कमाएको उल्लेख छ। वेद, श्रुति, स्मृति तथा योगको ज्ञानले यस क्षेत्रलाई सिंचित गर्न सकेकाले विश्वमा हिमवतखण्ड नेपाललाई मानव सभ्यताको उद्गम र विश्वसभ्यताको ज्येष्ठभूमि मानिएको छ। यही भूमिमा गौतमबुद्धको जन्म भएर विश्वभर बुद्धको प्रकाश छरिएको छ। भनिएको छ, 'वोधिसत्य महासत्यः, स्वयम्भू चैत्य नमाम्यहं।' हिमवत्खण्डमामा अनादिवासी, आदिवासी र आप्रवासी तनि प्रकारका बासिन्दाको बसोबास छ। धर्मका हिसाबले अनादिवासी, आदिवासी सबै हिन्दु तथा वौद्ध संस्कारमा आबद्ध छन् भने माडवारी, बंगाली तथा सिखहरू हिन्दु धर्म तथा संस्कतिका समर्थक बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार

डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री उद्धव पौडेल, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, श्री ऋषिकेश पन्त, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ, डा.गंगादत्त नेपाल

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# सुधारोन्मुख अर्थतन्त्रको खाँचो

मुलुकको अर्थतन्त्र कहालीलाग्दो हुनुमा राजनीतिक नेतृत्व, जिम्मेवार निकाय र जनतामा आर्थिक सचेतना नहुनु प्रमुख कारण हो । मुलुकको अर्थतन्त्र कहालीलाग्दो छ । बढ्दो वैदेशिक व्यापार घाटा, उच्च बेरोजगारी दर, बजेटको पुँजीगत खर्चको कमजोर कार्यान्वयन दर तर बढ्दो साधारण खर्च, बजारमा आयातीत उपभोग्य वस्तुको प्रभुत्वले सार्वजनिक ऋणको भार प्रतिदिन बढ्दै जानुले मुलुक आर्थिक रूपमा टाट पल्टिन लागेको संकेत गरेको छ । उच्च शिक्षा, विद्यालय शिक्षा हासिल गरेकाहरू अवसरको खोजीमा विदेशीको ढोका चहार्दै बिदेसिन बाध्य छन् । नवीन सीप, उद्यम अथवा व्यवसाय गरी उद्योगी बन्ने, आर्थिक अवसर सिर्जना गर्ने र स्वदेशमै लगानी गरी केही गर्छु भन्ने उत्साहीको जमात अत्यन्त कम छ । यो परिस्थिति आउनुमा राजनीतिक नेतृत्व, जिम्मेवार निकाय र जनतासँग अर्थतन्त्रबारे ज्ञानको कमी र आर्थिक सचेतना नहुनु प्रमुख कारण हो ।

देशभित्रै आफ्नै उत्पादित उपभोग्य वस्तुको खडेरी भएको छ । राज्यले चलाएका उद्योग र कलकारखाना दिनानुदिन बन्द हुँदै गएका छन् । नेताले आफ्नो व्यवस्थापकीय कमजोरी लुकाउँदै आधारभूत आर्थिक विषयमा जनतामा हुने चेतनाको कमीको फाइदा उठाइरहेका छन् । वास्तविक उपयुक्त अर्थ नीति र यससँग सम्बन्धित भएका कतिपय कार्यक्रमको प्रभावकारी कार्यान्वयनको असफलताका कारण मुलुकमा आर्थिक संकट आएको छ । बजारमा हुने आपूर्ति र मागको अन्तरक्रिया, मुद्रास्फीति तथा मुद्रास्फीति, ब्याजदर, कुल गार्हस्थ्य उत्पादन बेरोजगारी, वित्तीय र मौद्रिक नीति, राष्ट्रिय आय गणना, अन्तर्राष्ट्रिय व्यापार र बजार गतिशीलताजस्ता आधारभूत आर्थिक सिद्धान्त बुझ्नु नै आर्थिक चेतना हो । अर्थशास्त्रको गहिरो अध्ययनविना यसका सामान्य तथ्य तथा सिद्धान्तको अध्ययन गरेर अर्थतन्त्रप्रति चासो राखेर पनि यो दक्षता हासिल गर्न सकिन्छ । अर्थतन्त्रको बारेमा जानकारले मात्र उनीहरूको व्यक्तिगत र व्यावसायिक जीवनको बारेमा सही निर्णय गर्ने सामर्थ राख्दछन् । यो सामर्थ्य भएमा आर्थिक कारकहरूले उनीहरूको वित्त, रोजगारीका अवसर, लगानी छनोटमा पार्ने असर पहिचान गर्न, व्यावसायिक क्रियाकलापको बजार अवस्था, वर्तमान तथा भविष्यमा सिर्जना हुन सक्ने आर्थिक अवसर र व्यवसायबाट धेरै नाफा कमाउनका निम्ति उठाइएका जोखिमको मूल्यांकन गर्न आर्थिक वृद्धि र विकासको निम्ति प्रभावकारी नीति बनाउन र सफल कार्यान्वयन गर्न भूमिका खेल्न यसले सहयोग गर्दछ । यसका निम्ति शिक्षा, सान्दर्भिक पुस्तकहरू पढ्ने, आर्थिक समाचार र विश्लेषण सुन्ने बुझ्ने र आर्थिक विषयहरूमा छलफल र बहसहरूमा भाग लिई अर्थतन्त्रबारे आफ्नो धारणा बनाउन सकिन्छ ।

राजनीतिक र आर्थिक सचेतना अलग विषयवस्तुजस्तो देखिए पनि अन्तरसम्बन्धित छन् । राजनीतिक चेतना राजनीतिक प्रणाली, संस्था र नीतिहरूमा केन्द्रित हुन्छ, जबकि आर्थिक सचेतना आर्थिक सिद्धान्त, प्रणाली र यसका कारक तत्वसँग सम्बन्धित छ । राजनीतिक नेतृत्वले आर्थिक प्रणाली चलाउने, आर्थिक नीति बनाउने हुँदा अहिलेको परिवर्तन तथा आधुनिक विकासक्रमका बारेमा बुझ्नका निम्ति दुवै चेतनाको जरूरी छ । राजनीतिक चेतनाले राजनीतिक प्रणाली, संस्था, प्रक्रिया र नीतिबारे सचेत भई यसले सरकारको सञ्चालन प्रक्रिया र राजनीतिक विचारधाराबारे, मतदान प्रक्रिया, समाजमा राजनीतिक कार्यका प्रभावबारे बुझ्न मद्दत गर्दछ भने आर्थिक चेतनाले आर्थिक सिद्धान्त, अवधारणा तथा वस्तु र सेवाको उत्पादन प्रक्रिया, वितरणयोग्य उपभोगलाई प्रभाव पार्ने कारक तत्वहरूको बारेमा बुझ्न सहयोग गर्दछ । आर्थिक अराजकता, बेथिति, घुस, भ्रष्टाचार तथा आर्थिक अनियमिततासहितको अनौपचारिक अर्थतन्त्रको अभ्यास बढ्दा देश आर्थिक रूपमा कंगाल बन्छ । अतः यसलाई रोक्न आर्थिक सचेतना अपरिहार्य छ । राजनीतिक चेतनाभित्र सरकार, कानुन, सार्वजनिक नीति, निर्वाचन, राजनीतिक दल, मानवअधिकार, सामाजिक न्याय, वैदेशिक सम्बन्धजस्ता विषयहरूको विस्तृत दायरालाई समेट्छ भने आर्थिक चेतनाले आपूर्ति र माग, मुद्रास्फीति, बेरोजगारी, ब्याजदर, कर, लगानी, व्यापार नीति, बजार प्रतिस्पर्धा, व्यापार चक्र र वित्तीय प्रणाली सञ्चालनजस्ता विषयलाई समेट्छ ।

अर्थतन्त्रबारे सचेत व्यक्तिले सम्भावित जोखिम र अवसरहरू पहिचान गर्न सक्छन् । बजार प्रवृत्ति, लगानीका अवसर र आफ्नै आर्थिक सुरक्षाका लागि हुन सक्ने सम्भावित जोखिम पहिचान गर्न सजिलो हुन्छ । यस जानकारीको साथ, मानिसहरूले आफ्नो रणनीतिहरू समायोजन गरेर, अवसरहरू प्रयोग गरेर र जोखिमहरू घटाएर आफ्नो वित्तीय सुरक्षा र व्यक्तिगत वृत्ति सुधार गर्न सक्छन् । यस्तै, आर्थिक नीतिले आर्थिक समाचार, घटना र नीतिहरू बुझ्न र मूल्यांकन गर्न मद्दत गर्दछ । उच्च आर्थिक चेतनास्तर भएको राष्ट्रले स्वदेशी र अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने सम्भावना बढी हुन्छ । लगानीकर्ताले लगानीको सुरक्षा, उपयुक्त व्यावसायिक वातावरण र उद्यम विस्तार गर्न सकिने अवसरहरू खोज्छन् । लक्षित नीतिहरू लागू गरी गरिबीको मूल कारणहरू पहिचान गरिएमा आर्थिक विकास अधिक समतामूलक र दिगो हुन सक्छ ।

# Nepal's Non-aligned Foreign Policy: Seen from Greater Nepal Movement's Perspective



### सुरेन्द्र ढकाल

We the campaigners of Greater Nepal Movement believe firmly that every sovereign nation has right to self defence and be self-reliant. So, from this perspective, we see the Economic Blockade imposed upon DPR Korea by United Nations as backed by USA and West is a hegemonic tendency and thus we condemn it. We also condemn Nepal government's decision under K.P Oli's regime to expatriate the business entities of DPR Korea running in Nepal as pressure given by UN/US and its allies.

Every country knows it very well that the hegemonic intention of US to extend NATO in East Europe and especially up to Ukraine has resulted in Russo-Ukraine war. The big presence of US military in South China Sea has been a major headache to the perpetual peace of South and East Asia and of Korean peninsula. The recent US decision to establish NATO Asia Bureau in Japan can provoke even war and armed struggle in this region. The alliances such as US Indo-pasific strategy, QUAD and AUKUS are all aiming at the disintegration of PR China in 5 independent countries namely Taiwan, Hongkong, Macao, Tibet and Xinjiang. We the campaigners and activists of Greater Nepal condemn openly such conspiracies being hatched by the United States because, as we believe that, if Nepal loses PR China as its immediate northern neignbour, India will annex Nepal within 12 hours in a same way that India annexed Sikkim and disintigrated Pakistan in early seventies with the military help of the then Soviet Union.

Nepal a Non-aligned nation in the past has now become a signitory of US Millienium Challenge Corporation (MCC) and has involved herself tacitly in US State Partnership Program (SPP). Moreover, Nepal's voting to Ukraine in UN Human Right Commission has also proven that Nepal under present government is no longer a non-aligned Nation. With this, the US STRATEGIC activities in Nepal are increasing day by day which can ultimately develop Nepal as its military base to disintigrate Tibet from PR China. Thus Nepal's becoming second Ukraine is being gradually apparent. Such hints have already given by President Xi of PR China at the end of his last state visit to Nepal. India's intention to take revenge of the defeat of Sino-Indian war of 1962 and to re-create INDIVISIBLE INDIA like that of ancient time and US intention to disintegrate PR China have brought both of them together and US is assisting actively India to be as strong as China in nuclear armament. We Greater Nepal Campaigners understand very well that if PR China becomes weak, it can be a threat directly or indirectly to the independence not only of Nepal, but also of Bhutan, Myanmar, DPR Korea and Russia as well.








To give counter to Indo-US design conspired against the terretorial integrity of Nepal, Burma, Bhutan, Russia and DPR Korea, we patriotic Nepalese people have forged an alliance (Greater Nepal Greater Campaign) to get back peacefully Greater Nepal territories occupied by India since 1947. If Indo-US alliance does not concede to our valid demand, we are thingking even to create Greater Nepal Liberation Army (GNLA) to expel Indian military occupying Greater Nepal's territories from Tista river in east to Kangra fort in west. For this, we are looking forward to cooperating with PR China, Myanmar, Pakistan, Bhutan, Russia and DPR Korea and seeking positive responses from all the quarters. A broader alliance made of PR China, Pakistan, Myanmar, Russia and DPR Korea aimed at giving counter to IPS, Quad and AUKUS is the demand of time to ensure peace and stability generally in world at large and particularly in South and East Asia and Pasific region. We Greater Nepal Greater Campaign are ready to cooperate from our side as Nepal under present regime is tilting towards Indo-US alliance which is very dangerous to the existence of Nepal as a sovereign country.

# बजेट र मौद्रिक नीति

### केशवकुमार श्रेष्ठ

हरेक वर्ष मुलुकको आय/व्यय विवरण र आउने आर्थिक वर्षका लागि आम्दानी खर्च नीतिगतरूपमा सरकारले तयार गर्ने जनप्रतिनिधिको थलो संसद् समक्ष प्रस्तुत गर्ने गरिन्छ। त्यसउपर संसद्मा सांसदले छलफल प्रश्नोत्तर आदि कार्य पूरा गरी संसद्ले अर्थमन्त्रीद्वारा प्रस्तुत आय/व्यय विवरण र आउने आर्थिक वर्षको लागि अनुमानित आम्दानी र खर्चको प्रस्तावलाई संसद्ले अनुमोदन गरी पास गरेपछि लगत्तै राज्यको एक मात्र वित्तीय अख्तियारप्राप्त प्रतिनिधि संस्था नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गर्ने परम्परा रहिआएको छ। अब यसपालि पनि आर्थिक वर्ष २०८०/८१ को लागि नेपाल राष्ट्र बैंकद्वारा अर्को हप्ता अर्थात् श्रावण महिनाको पहिलो हप्ता मौद्रिक नीति सार्वजनिक हुनेवाला छ। हाम्रो देशको अर्थतन्त्रबाहिर जनमानसमा अर्थात् बजारमा भनेझैँ अर्थतन्त्र अझै सहज अवस्थामा छैन। एक वर्षअघि नेपाल राष्ट्र बैंकमा विदेशी मुद्राको सञ्चिति कम रहेको थियो। जसको कारण रेमिट्यान्समा कमी र विदेशी समानको निर्यात बढी रहेको थियो। तर अहिले रेमिट्यान्स बढेकाले विदेशीमुद्राको सञ्चिति राम्रो अवस्थामा रहेको छ। त्यसबेला केही वस्तु आयातमा रोक लगाउँदाको असर यतिबेला राजस्व संकलनमा देखिएको छ। आयात कम भएको र अर्थतन्त्र चलायमान नभएकाले माग पनि घट्यो र राजस्व संकलन कम हुँदा हाल पुँजीगत खर्च गर्न सक्ने अवस्था छैन। संकलन भएको राजस्वले चालू खर्च मात्रै धान्न सक्ने अवस्था रहेको छ। त्यस्तै, सरकारले आफ्नो खर्चको लागि आन्तरिक ऋण उठाइरहेको अवस्था छ। सरकारी खाता ऋणात्मक रहेको छ। मुलुकको अर्थतन्त्र सुस्त रहेको अवस्था छ। यस्तो अवस्थामा पक्कै पनि मौद्रिक नीति व्यापारी प्रतिलचिलो, व्यापारीमैत्री, धितोपत्र बजारमैत्री, बजेटमैत्री हुनुपर्ने हो तर यस कुरामा आशंका रहेको छ।

मौद्रिक नीति आम सरोकारवाला नागरिक, उद्योगी, व्यवसायी, नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरू सबैको चाहना एउटै छ। आफ्नो अनुकूल मौद्रिक नीति लचिलो खुकुलो मौद्रिक नीति आउनुपर्‍यो। जसले गर्दा संकट उन्मुख उद्योग व्यवसाय बैंक तथा वित्तीय संस्था सञ्चालन गर्न जोगाउन, आर्थिक हिसाबले चलायमान राख्न मौद्रिक नीतिले मद्धत पुर्‍याओस्, सजिलो तुल्याओस्। तर उद्योगी व्यवसायी, बैंक तथा वित्तीय संस्था, धितोपत्र व्यवसायी वा कारोबारी जुन किसिमको चाहना र आफ्नो अनुकूलको छ, त्यो सहज र सम्भव छ जस्तो छैन। किनभने हालको बहालवाला नेपाल राष्ट्र बैंकको गर्भनर महाप्रसाद अधिकारी र नेपाल सरकारको अर्थमन्त्रीबीच व्यवहारमा देखिएको टकराव र देशको आर्थिक क्षेत्रको बारेमा बारम्बार मत भिन्नता रहेको पाइन्छ। जसरी सार्वजनिक कार्यक्रममा बोलिरहँदा सहजै अनुमान लगाउन सकिन्छ। जसरी समाजमा, सरोकारवाला तथा सार्वजनिक कार्यक्रममा अर्थमन्त्रीले अब आर्थिक संकट नहुने, अर्थतन्त्र सुधारोन्मुखरहेको छ भनेर भनिरहनु भएको छ। तर त्यो वास्तविकतामा नभएको यथार्थरूपमा देख्न पाइन्छ। बजारमा बैंक तथा वित्तीय संस्थामा तरलता थपिएको छ। तर उद्योगी, व्यापारी, व्यवसायी ऋण लिन तयार छैनन्। उद्योगि् व्यवसायीको चाहनाअनुरुप मौद्रिक नीति आएमा मात्र कर्जाको माग हुने र व्यापार व्यवसाय विस्तार हुनुका साथै अर्थतन्त्र चलायमान रहन्छ। यद्यपि सबैको पर्खाइ नेपाल राष्ट्र बैंकले ल्याउने मौद्रिक नीतिमा केन्द्रित छ। मौद्रिक नीतिअनुसार अगाडि बढ्ने मनसायमा व्यवसायीहरूमा रहेको पाइन्छ। नेपाल सरकारका अर्थमन्त्रीले संसद्मा प्रस्तुत गरेको बजेट संसद् धेरै लामो समय सवालजवाफ, प्रश्नोत्तरपश्चात् अर्थात् अर्थमन्त्रीले सांसदबाट उठेको जवाफपश्चात् पास भइसकेको अवस्थामा यदि नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले उक्त बजेटको मर्म, भावना र लक्ष्यअनुरूप सम्बोधन हुन सकेन भने बजेटको कार्यान्वयनमा पनि केही कठिनाइ हुने पक्कै नै छ।

मौद्रिक नीतिले सम्बोधन गर्नुपर्ने विषयमा दिगो आर्थिक विकासको लागि स्थिर ब्याजदरको व्यवस्था, विप्रेषण प्रदायक कार्यलाई विश्वासिलो भरपर्दो सहज भुक्तानी र आकर्षण ब्याजदरको व्यवस्था गर्ने गैह्रकानुनी मार्गलाई न्यूनीकरण गर्नेतर्फ यो मौद्रिक नीतिले विशेष जोडदिनुपर्ने देखिन्छ। वैदेशिक मुद्राको सञ्चिति अर्थात् निर्यातको सन्तुलन कायम राख्ने, भुक्तानी प्रणालीलाई पूरै विद्युतीय माध्यममा परिणत गर्ने, विद्युतीय भुक्तानी प्रणालीलाई कति सुनिश्चित राख्नेतर्फ विचार पुर्‍याउने र साना उद्यमी, कृषि व्यवसायीलाई, स्वदेशमा अध्ययनरत विद्यार्थीलाई, सामूहिक कर्जाको व्यवस्था गर्ने र कर्जालाई वर्गीकरण गर्ने अल्पकालीन र दीर्घकालीन कर्जाको व्यवस्था गर्ने ब्याजदर अपरिवर्तीय र स्थिर व्याजदरको व्यवस्था राख्नेजस्ता कुरालाई सम्बोधन गर्नुपर्ने देखिन्छ। हुन त यी माथिका व्यवस्थाहरू जस्तै कर्जाको वर्गीकरण स्थिर ब्याजदर, विप्रेषण, वस्तु आयात, निर्यातसम्बन्धी हाल व्यवस्था भइरहेको ऐन, नियम, निर्देशिकापरिवर्तन गर्न कति सम्भव छ ? तर पनि ऐन, नियम, निर्देशिकामा संशोधन र केही व्यवस्था थप गरियो भने पक्कै पनि सहज हुन्छ नै। ब्याजदर बढी हुँदा अर्थतन्त्र चलायमान बनाउन समस्या भएको छ।

मौद्रिक नीतिले यसअघि कालोसूचीमा परेका उद्योगी, व्यवसायीको हालको अवस्था अध्ययन अनुसन्धान गर्ने बैंक कर्जाको साँवा असुल देखिएको तर कर्जाको ब्याज बाँकी रहेकाले कालोसूचीमा परेका, दैवी प्रकोप, महामारीमा परी साँवा ब्याज तिर्न नसकेका इन्स्योरेन्सले तिर्नुपर्ने दायित्व रहेको अर्थात् भुलवश बैंकको कर्जा साँवा ब्याज तिराउन बुझाउन नसकेको नागरिक, उद्योगी, व्यवसायी जो भए पनि कालोसूचीमा राख्नु वा राखिदिनु नपर्ने व्यवस्था मौद्रिक नीतिमा गर्न आवश्यक छ।

# चौतारी क्लब बानेश्वर तथा सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य

स्थापना

चौतारी क्लबको स्थापना ठूलो खरिबोट बानेश्वरमा २०५० ।६ ।२० गतेका दिन भएको हो । स्थानीय प्रशासन कार्यालय तथा समाज कल्याण परिषद दुवैमा दर्ता भएको यस क्लबको संस्थापक अध्यक्ष लक्ष्मण अछामी हुनुहुन्थ्यो । हालको अध्यक्षमा धनबहादुर अछामी, उपाध्यक्षद्वयमा विनोद दाहाल र मोहन अछामी, महासचिव घनश्याम अछामी, सचिवमा रामभक्त अछामी, कोषाध्यक्षमा राजकुमार अछामी, सदस्यहरूमा क्रमसः जितबहादुर रम्तेल, कुमार अछामी, पारस अछामी, नरेश पुर्कटी, विष्णु अछामी, ईश्वर अछामी र कार्यालय सचिवमा राधेश्याम अछामी रहेका छन् ।

त्यसै गरी क्लबका सल्लाहकारहरूमा लक्ष्मण अछामी, जितबहादुर अछामी, भरत ढकाल, गणेशप्रसाद दुलाल, सानुकाजी अछामी र शिवराम रम्तेल रहेका छन् ।

क्लबका नियमित कार्यहरूमा प्रजातन्त्र दिवसको अवसरमा रक्तदान, स्वास्थ्य शिविरहरू विशेष गरेर दन्तरोग, आँखारोग, पाठेघर क्यान्सर, स्तन क्यान्सर आदि जस्ता विषयमा संचालन गरिन्छन् । त्यसबाहेक टोल छिमेकका विभिन्न मार्गहरू जस्तो पासाङ ल्हामु मार्ग, भिमसेनगोला मार्ग, सूर्यविक्रम मार्ग, इपिएस विद्यालय मार्ग आदि वरिपरि सरसफाइ कार्यक्रम नियमित संचालन गरिन्छ ।

क्लबले संचालन गर्ने धार्मिक कार्यक्रमहरूमा कृष्णजन्माष्टमीको अवसरमा भजन कीर्तन तथा सन्ध्याकालिन पूजा प्रसाद वितरण तथा लाखेनाच प्रदर्शन, विजया दशमीको अवसरमा दुर्गा पूजा, श्रावण महिनामा कृष्ण झुला र शुक्रबार र शनिबार साँझ बिहान नियमित भजनको आयोजना गर्ने गरिन्छ ।

क्लबबाट संचालन गरिने खेलकुद कार्यक्रमहरूमा अखिल नेपाल फुटवल संघबाट आयोजना हुने सी डिभिजन फुटबल लिगमा सहभागिता, स्थानीय स्तरमा फुटवल प्रतियोगिता संचालन, नियमित बैडमिन्टन खेल कार्यक्रम र प्रतियोगिता संचालन लगायत हाफ म्याराथुन र ५ किलोमिटर दौड प्रतियोगिता संचालन तथा सहभागिता रहेका छन् ।

क्लबबाट गरिने अन्य कार्यहरूमा नेपाल प्रहरीसँग सुरक्षासम्बन्धी अन्तर्क्रिया, जनप्रतिनिधिहरूसँग स्थानीय विकास निर्माण सम्बन्धी अन्तर्क्रिया, ढल निकास र खानेपानी सम्बन्धी समस्याहरूको निवारण पहलकदमी लिने र ट्राफिक व्यवस्थापनमा सहकार्यहरू पर्दछन् ।

क्लब आफ्नो कार्य संचालन गर्ने क्रममा कामनपा वडा ३१, सामुदायिक उत्थान सेवा समिति र सिम्पल आर्टस प्रतिभा समूहसँग आवद्ध रहेको छ ।

सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य

क्लबले आर्थिक वर्ष ०७९ ।८० देखि सुरेन्द्र ढकाल प्रतिष्ठानसँग सहकार्य सुरु गरेको छ । जसअन्तर्गत प्रतिष्ठानले उक्त आ.व मा क्लबका बैडमिन्टन र फुटबल खेलाडीहरूको लागि रु ४० हजारको ट्रेक सुट उपलब्ध गराएको थियो । प्रतिष्ठानसँग क्लब आवद्ध भएको कारण प्रतिष्ठानबाट हरेक वर्ष क्लबलाई नियमित सहयोग हुने अपेक्षा गरिएको छ । यसका लागि क्लब प्रतिष्ठानप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छ ।















कथा

# प्रतिक्षा ....अनि प्रतिक्षा

लक्ष्मी उप्रेती

"अनिमा तिमीलाई बर्सौ पछि भेट भएकाले भण्डै चिनिन मैले। तिम्रो हालखबर के छ ?"

"खबर के हुनु नि दिदी, ज्वाई विदेशमा आफू यता एक्लै भएकाले जिन्दगीदेखि पनि अत्यास लाग्न थाल्यो।"

"किन नि ?"

"बेग्लाबेग्लै बस्दा बस्दा उमेर पनि बित्न आँटिसक्यो । अरूका लोग्ने स्वास्नीसँगै हिँडेको, हाँसेको देख्दा आफ्नो चैं यस्तो दिन आउला नआउला जस्तो लागेर निरास हुन्छु।"

"कति भयो अनिमा, ज्वाइँ जानु भएको ?"

"नौ वर्ष भैसक्यो नि दिदी। ज्वाइँ जाँदा छोरो दुई वर्षको थियो। छोरी भर्खर जन्मिएर म सुत्केरी भएको थिएँ। अहिले छोरो सात कक्षामा र छोरी चार कक्षामा पढ्दै छन्। अनि भन्नु त कति दिन एक्लै बस्नु मैले ?"

"ज्वाइँ जानुभएको यत्रो वर्ष भएछ। उहाँको ग्रीन कार्ड भैसकेन र ?"

"ग्रीन कार्ड त गएको केही महिना भित्रमा नै भैगयो नि दिदी"

"आफ्नो परिवार लैजान मिल्छ होला नि, ग्रीन कार्ड भैसकेपछि होइन र ?"

"उहाँले सिटिजन सिप पाएपछि मात्र हामीहरूलाई जान सजिलो हुने गरी मिल्छ अरे। उहाँ त्यसैको प्रोसेसमा लाग्नु भएको छ।"

"ए, अनि गएदेखि कति पटक आउनु भयो नि ज्वाइँ ?"

"तीनवर्ष अघि एक महिनाका लागि बल्ल आउनु भएकोथ्यो गएदेखि। त्यसभन्दा पहिला के हुने हो भन्ने डरले आउनु भएन।"

"त्यसो भए अब केही न केही भैहाल्ला नि १ किन निरासिन्छ्यौ ? यत्रो वर्ष त धैर्य गरेर बस्यौँ भने अब नआत्तिन्।

मेरो पनि त हेरन, दुवै छोरीहरू होस्टलमै छन्। भिनाजु प्रोजेक्टको कामले काठमाडौं बाहिर गैरहनु पर्छ। प्रायः एक्लै हुन्छु म पनि अनिमा।" उनलाई सान्त्वना दिने भाव प्रकट गर्दै बैठकको ऱ्याकबाट एल्बम झिकेर उनका हातमा राखिदिएँ। त्यसपछि चिया बनाउन म भान्छामा पसेँ।

अनिमा मेरी साथी अनिताकी बहिनी हुन्। बी.ए. पढ्दा पढ्दै अनिता भन्दा पहिला उनले आफै सुटुक्क प्रेम बिवाह गरेर श्रीमान्को घर धनकुटा गइन्। त्यसपछि उनले पढाइ नै छाडिन्। आफूखुसी त्यसरी बिहे गरेकोमा त्यसबेला माइतीहरूसँग उनको सम्बन्ध चिसिएकोले हामीसँगको सम्पर्क त्यसैबेलादेखि टुट्यो। तर अचानक आज मेरा छोरीहरू पढ्ने स्कुलको अभिभावक दिवसको कार्यक्रममा उनीसँग भेट भयो। उनका छोराछोरी र मेरा छोरीहरू यही स्कुलको छात्रावासमा सँगै बसेर पढ्ने भएकाले हाम्रो भेटने संजोग जुट्यो। धेरै वर्षपछि भेट भएको यो संजोग, सुखद भएकाले आजको दिन सँगै बसौं न भनेर उनलाई मेरो घरमा लिएर आएँ। घर आइपुग्नासाथ हामी थकाइ मार्न बरन्डामा बस्यौँ। अनि कुरा गर्न थालेको त कुराको सुरुमामा नै उनले निराशा व्यक्त गरिन्।




अनिमा यसबेला बत्तीस वर्षकी भइन् होलिन्। प्रेम गरेर बिहे भएको चार वर्ष पछि नै श्रीमान्सँग अलग्गिएर बस्नुपर्दा निरासिन थालिछन् बिचरी।

हुन पनि त हो नि उमेरमा लोग्ने स्वास्नी बिछोडिएर बस्नु पर्दा दुवैलाई कति छटपटी भयो होला। उनको मनोदशा देखेर मलाई च्वास्स छोयो। मेरो मानसपटलमा विगतका स्मृतिहरू टाँगिन थाले। सम्पन्न परिवारमा प्रेम विवाह गरेको चर्चा परिचर्चा त्यस बेला खुब हुन्थ्यो। त्यसपछि त ममा कौतूहलको अनौठो छटपटी सुरु भयो। मनै मनले प्रश्न गर्न थाल्यो आफैसँग-'सम्पन्न परिवार भएको भए भर्खर सुत्केरी भएकी स्वास्नी र बालख छोरोलाई छोडेर अमेरिका किन जानु पर्थ्यो होला ? के पढ्नलाई नै यत्रो वर्ष .....?"

चियाको पानी उम्लिए झैँ मनमा अनेक तर्कनाहरू उम्लन थाले। कहाँबाट कहाँ पुग्न थाल्यो मन। अनिमालाई कसरी सोधौँ' भनेर सोच्दै दुईवटा अम्लेट पनि बनाएँ। अनि चिउरा, भुजिया र अम्लेट राखेको दह्रो नास्ताको दुइटा प्लेट र दुई कप चिया ट्रेमा राखेर बरन्डामा निस्किएँ।

एल्बमहरू टेवलमा नै असरल्ल पारेर अनिमा परपर क्षितिजमा आँखा डुलाउँदै के सोच्दै एकोहोरिरहेकी रहिछिन्। मैले टेबलमा ट्रे राख्दा झल्याँस्स भएर मुस्कुराउँदै सहज हुन खोजिन्।

जमिनमा खुम्चिएर ठडिएका काठमाडौंका घरहरूमा फूलप्रेमीहरूले आफ्नो रहर पूरा गर्न बरन्डा र छतको छेउकुनामा मिलाएर गमलामा रोपेका सिजन अनुसारका फूलहरू ढकमक्क फुलेका छन्। फूल फुल्दा कति सुन्दर देखिन्छ, तर फूल पनि त ओइलाउँछ, झर्छ। ओइलाउने, झर्ने जीवनको कसले वास्ता गर्छ र ?

झरीवर्षा सकिएर जाडालाई स्वागत गर्न उग्रिएको काठमाडौंको आकाश। असोज-कार्तिकमा त झन् सयपत्री र मखमली फूलले रंगाउँछ काठमाडौंलाई। फूलको जीवन जस्तै हाम्रो जीवन पनि सधैँ सुन्दर हुने भए दु:खको के अर्थ, सुखको के मजा ?

नटुङ्गिने सडकहरू, गल्ली र गल्छीडाहरू कति रहस्यमय छन्। बरन्डाबाट नै म जस्तै जिज्ञासु भएको काठमाडौंलाई एकपटक हेरे। क्षितिजमा टाँगिएको नीलो आकाशमा पोतिएका सेता बादलका अनेक आकृतिहरूमा आकर्षित हुँदाहुँदै मेरो दृष्टि अनिमातिर फर्कन्छ र "ज्वाइ के गर्नुहुन्छ अमेरिकामा" भन्ने वाक्य अचानक निस्कन्छ।

"एउटा रेस्टुरेन्टमा काम गर्नुहुन्छ।" छोटकरीमा उत्तर दिन्छिन् उनले।

"नास्ता लेऊ अनिमा" कुरा गर्ने सहज वातावरण बनाउँदै मैले भने। अनि दुवैले नास्ता खाँदै कुरा अगाडि बढायौं।

"अनिमा, तिम्रो पारिवारिक अवस्था पनि सम्पन्न नै छ,ज्वाइको राम्रो जागिर छ भन्ने सुनेकी थिएँ नि मैले त।"

"हो नि दिदी, खान लाउन पुग्ने राम्रो अवस्था थियो। पुर्ख्यौली जमिन्दार त्यसमा भएन ज्वाइँको पनि सरकारी जागिर। हामीलाई सुख थियो। तर .....।"

"तर : किन तर......? भनन"

"हैन दिदी, कमाउनै भनेर त जानु भएको हैन नि उहाँ त।"

मेरो मन झन् आन्दोलित भयो।"अनि त्यसो भए किन त ?" सोधि हालेँ।

मेरो यस्तो कुरा सुनेर लामो श्वास लिँदै उनी बहकिन थालिन्,"जनयुद्धको सन्त्रासपूर्ण अवस्थाका कारण ज्वाइले विदेसिन बाध्य हुनुपऱ्यो। नत्र उहाँको जीवन नै खतरामा परेको थियो।" बोल्दा बोल्दै अवरुद्ध भइन् अनिमा। उनका भावहरू मैले बुझिनँ। अहँ ठ्याम्मै बुझिनँ। म स्तब्ध भएँ। वरिपरि नै चकमम्म भएको आभास भयो।

पश्चिमी क्षितिजमा घाम डुबेपछि पहेंलो साँझको दृश्य निकै मनमोहक देखिएको छ। पर अग्ला अग्ला रूखले घेरेर चिटिक्क पारेको मैदान भित्रका फलैचामा बसेर मानिसहरू प्रसन्नताका साथ दु:ख सुख साटिरहेका छन्। आकाश मार्गमा उडिरहेका चराहरू रूख, बादल, आकाश हुँदै माथि माथि हराउँदै बिलाउँदै छन्। प्रकृतिका सबै अवयवहरू सुन्दर देखिन्छन् तर त्यहाँ पनि कमी त अवश्य नै छन् होला। त्यस्तै मानिसको सुन्दर जीवन पनि कुनै न कुनै दु:खको भुमरीमा परेकै हुन्छ। मनमनै कति धेरै कुराहरू सोचेर वहकिन पो थालेछु म त। अनिमाले "कहाँ हराउनु भयो दिदी तपाई त" भन्दा पो फिस्स हाँस्दै "तिमीलाई सोचेर नि अनिमा। यदि तिमीलाई मेरो विश्वास छ र भन्न मिल्ने कुरा भए तिम्रा कुराहरू भन मन हल्का हुन्छ। यहाँ तिमी र म मात्रै छौं। तिम्रा मनका बह सुनाऊ। जसले तिमीलाई सधैँ अशान्त पारिरहन्छ। ज्वाइँ विदेसिनु नै पर्ने त्यस्तो के बाध्यता आइलाग्यो।

"दिदी, त्यो बेलाको स्थिति सम्झँदा पनि कहाली लाग्छ। जनयुद्धमा लाग्ने दुवै पक्षका योद्धाहरूले दिनसम्म दु:ख दिए ज्वाइँलाई। अन्ततः विद्रोहीपक्षबाट ज्यान मार्ने धम्की आयो। त्यसपछि उहाँलाई'विदेसिएर भएपनि आफ्नो ज्यान जोगाउन्' भन्ने तिनै विद्रोही समर्थक शुभचिन्तकहरूको सल्लाहले विदेसिन बाध्य हुनु भयो।"

उनका कुरा सुनेर म झसङ्ग भएँ। जीउभरि सरर काढा उम्रिए। द्वन्द्व कस्तो बीभत्स हुँदोरहेछ। इतिहासको एउटा कालखण्ड जनयुद्धले निम्त्याएको निर्लज्जताको पराकाष्ठ सबैले भोगे आ-आफ्नो ढङ्गले।

लगभग त्यही समयको कुरा हो मेरी साथी रमिताको बि.कम.पढ्दै गरेको छोरो एक दिन कलेज जान हिँडेको आजसम्म फर्किएन। स्कुलकी शिक्षिका बिचरी रमिता आजसम्म पनि छोरो आउँछ भन्ने आशामा नै अल्झिरहन्छिन्। उनको छोरो त कहाँ गयो, के भयो थाहा छैन, तर रमिताले आफ्नो मानसिक सन्तुलन नै गुमाएकी छन्।

त्यस्तै अर्को घटनाले पिरोल्छ मलाई। यहीँ नजिक छिमेकमा घर भएको पुलिस इन्सिपेक्टरको आफ्नै घरको आँगनमा भएको हत्या। हरे १ छुट्टीमा घर आएका इन्सपेक्टरलाई बिहानको खाना खाने बेलामा अपरिचित दुई युवकले आँगनमा बोलाए। भित्रबाट आँगनमा निस्कँदै गरेका इन्सपेक्टरलाई क्षणभरमा ती युवकहरूले गोली हानेर मारे। रगतको दहमाथि निचेष्ठ उनको शरीर ढलिरहेको त्यो घटनाले मलाई यसबेला पनि अत्याउँछ।


कस्तो नि। मानिसको मानिस नै वर्ग शत्रु। पुलिसले विद्रोहीलाई देख्न नहुने, विद्रोहीले पुलिसलाई। दुवैको मारमा पर्ने सर्वसाधारणहरू सधैँ त्राहिमान भएर अजकल्टो बाँच्नुपर्ने त्यो समयको बाध्यता।

जसरी समय आफ्नै गतिमा बगिरह्यो त्यसरी नै जीवन पनि दु:खिरह्यो। हार र जितको युद्ध अन्ततः समयले टुङ्ग्यायो, तर देश र जनताले जिते कि हारे थाहा भएन। जसले जिते पनि , हारे पनि कुरो त उही शक्ति र पदमा ठोक्किने रहेछ। कस्तो विडम्बना हरे, नेपाल र नेपालीको।

देशमा जे जस्तो परिस्थिति आए तापनि जीवनको माया त सबैलाई नै भै हाल्छ नि। सङ्कट पर्दा जीवन बचाउन जसलेपनि अन्तिम समयसम्म हरेक जुक्ति अपनाउँछ। त्यही अनुरूप उपर्युक्त स्थानमा पुगेर श्रीमान् सुरक्षित हुनु भएकोमा त अनिमा ढुक्क भएकी रहिछन्। तर आपत पऱ्यो भन्दैमा अमेरिका जान कसरी .........? अरे त्यति सजिलै भिसा......? भन्ने प्रश्नले मलाई चिमट्यो र सोधेँ-"अनि, भन्ने बित्तिकै भिसा लाग्यो त ज्वाइँको ?" *(क्रमश:)*

# हृदयाघात किन हुन्छ ?

**डा. अनिल भट्टराई**



अकस्मात् मुटुको नलीमा आउने रक्तसञ्चारको अवरोधले हृदयाघात निम्तिन्छ। हृदयाघात हुँदा मुटुलाई रगत सप्लाई गर्ने नसा साँघुरो हुँदै जाने, जमेको बोसो फुटेर नसा बन्द गराउने, एक्कासि नसाहरू खुम्चिने हुन सक्छ। शरीरमा कुनै पनि ठाउँमा जमेको रगतको डल्ला, क्याल्सियम उछिट्टिएर मुटुको नसा ब्लक गर्न सक्छ। मुटुको ठूलो नसा ब्लक भयो भने ठूलै हृदयाघात हुन्छ।

कतिपय अवस्थामा मानिसको तत्कालै मृत्यु हुन्छ, औषधि-उपचार गर्नसमेत भ्याइँदैन। सानो नसा ब्लक भयो भने मुटुको सानो एरियामा मात्र रक्तसञ्चार अवरुद्ध हुन्छ। यसलाई सानो हृदयाघात भनिन्छ। कुन नसामा ब्लक भएको छ र कति क्षेत्र त्यसले कभर गर्छ भन्ने कुराले हृदयाघात कति भयावह छ भन्ने निर्धारण गर्छ। यदि मुटुको देब्रे मुख्य धमनीमा अवरोध भएमा प्राणघातक पनि हुन सक्छ। त्यस्तै, स-साना धमनीहरूमा अवरोध हुँदा कहिलेकाहीँ मानिसलाई हृदयाघात भएको थाहा नहुन पनि सक्छ।

हृदयाघात वंशाणुगत कारणले पनि हुन सक्छ। अर्को कारण उच्च रक्तचाप हो। लामो समयसम्म अनियन्त्रित रक्तचापको स्तरले मुटुमा रगतको आपूर्ति गर्ने धमनीहरूमा नोक्सानी पुऱ्याउन सक्छ। जसकारण मुटुसम्बन्धी समस्या देखिन्छ। खराब कोलेस्ट्रोलले पनि धमिनीहरूमा नकारात्मक असर गर्छ। जसकारण नसाहरू खुम्चिन्छन्। ट्राइग्लिसराइड, एलडिएलले पनि हृदयरोग निम्त्याउने जोखिम रहन्छ। खराब खानपानले कोलेस्ट्रोल र ट्राइग्लिसराइड बढाउने जोखिम रहन्छ। मोटोपनका कारण पनि हृदयाघात हुन्छ। मधुमेह, तनाव र अत्यधिक धूम्रपान सेवनले पनि मुटुरोगको जोखिम बढाउँछ।

**लक्षण**

- ठूलो हृदयाघात भएको छ भने छातीको बायाँ भागमा असह्य खालको पीडा हुने हुन्छ। सामान्य खालको हृदयाघात हुँदा छातीको बीचभागमा दुख्ने, श्वास फेर्न गाह्रो हुने हुन्छ।
- पसिना आउने।
- वाकवाकी लाग्ने।
- रिँगटा लाग्ने, बेहोस भएर ढल्नेसम्मको अवस्था आउन सक्छ।

कसरी थाहा पाउने ?

- असह्य पीडा भयो, बायाँपट्टि विशेषगरी छातीको बीचभागमा चिटचिट पसिना आउने, वाकवाकी लाग्ने, रिँगटा लाग्ने भयो भने हृदयाघात भएको हुन सक्छ।
- इसिजी गरेर हेर्ने। रगतको जाँच, कार्डियाक इन्जाइम गर्ने। इको कार्डियोग्राफी (मुटुको भिडियो एक्सरे)को जाँच गर्ने।

कस्ता व्यक्तिमा देखिन्छ ?

- हृदयाघात जसलाई पनि हुन सक्छ। प्रायः ३५-४० वर्ष उमेरभन्दा माथिका मानिसलाई देखिन्छ।
- वंशाणुगत कारणले पनि हृदयाघात हुन सक्छ।
- उच्च रक्तचाप, सुगरका बिरामी, शरीरमा कोलेस्ट्रोलको मात्रा बढी भएकाहरू जोखिममा हुन्छन्।
- धूम्रपान, मद्यपान गर्ने तथा नियमित शारीरिक व्यायाम नगर्ने व्यक्तिहरू जोखिममा हुन्छन्।

**बच्ने केही उपाय के खाने/के नखाने ?**

अस्वस्थ खानपान, अव्यवस्थित जीवनशैली, शारीरिक सक्रियताको कमी, प्रदूषण, व्यस्तता र प्रतिस्पर्धाका कारण निम्तिएको तनावलगायत विविध कुराहरूले मुटुरोगको जोखिम बढाउँछ। त्यसैले मुटुरोग नियन्त्रणका लागि स्वस्थकर जीवनशैली अवम्बलन गर्नुपर्छ। शारीरिक रूपमा सक्रिय रहनुपर्छ, सन्तुलित भोजन गर्नुपर्छ।

हरियो सागपात, फलफूल बढी खाने गर्नुपर्छ। रातो मासु खानुहुँदैन। खसी, बोका, भेडा, च्यांग्रा, राँगालगायतको मासु रातो हुन्छ। शरीरको तौल नियन्त्रण गर्नका लागि शारीरिक गतिविधिमा संलग्न रहनुपर्छ। धूम्रपान र मद्यपानबाट टाढा रहनुपर्छ। खानामा नुन, चिल्लो कम प्रयोग गर्नुपर्छ। कार्बोहाइड्रेटयुक्त खाना जस्तै- भात, आलु कम खानुपर्छ। पानी प्रशस्तै पिउनुपर्छ। प्रदूषणबाट बच्नका लागि सतर्कताका उपाय अवलम्बन गर्नुपर्छ। कुनै समस्या देखिएमा मुटुरोग विशेषज्ञसँग सम्पर्क गर्नुपर्छ।

# पत्रकार र शिक्षक पुरस्कृत



काठमाडौं। झापाका अग्रज पत्रकार चन्द्र भण्डारीलाई 'डा.मुकेशकुमार-जनककुमारी चालिसे विज्ञान पुरस्कार' शनिबार प्रदान गरिएको छ। संचारमाध्यममार्फत विषादी विरुद्धको आन्दोलनमा सक्रिय भण्डारीलाई सुसेली साहित्यिक परिवार, मेचीनगरद्वारा स्थापित १५ हजार राशिको पुरस्कार प्रदान गरिएको हो। उक्त पुरस्कार अघिल्लो वर्ष बाहुनडाँगीका नीलकण्ठ तिवारीलाई दिइएको थियो।

त्यस्तै सुसेली प्रतिभा पुरस्कारबाट शिक्षक तथा बाल अधिकारकर्मी मणिकुमार लिम्बू पुरस्कृत भएका छन्। दुवै पुरस्कार झर्रोवादी साहित्यकार चूँडामणि रेग्मीले प्रदान गरेका हुन्। ११ हजार रुपैयाँ राशिको पुरस्कार अघिल्लो वर्ष संचारकर्मी सुष्मा राजवंशीले पाएकी थिइन्। कार्यक्रममा अगुवा साहित्यकार विजय खरेलको कथा कुथुङ्गी 'झिल्को' र सुसेली परिवारको वार्षिक अंक पनि लोकार्पण गरिएको थियो। खरेलको कृतिबारे वरिष्ठ अधिवक्ता लीला उदासीले समालोचनात्मक टिप्पणी गरेका थिए।

# स्रष्टालाई सम्मान

काठमाडौं। नागरिक क्रियशन संस्थाले नागरिक बोर्ड डटकमको प्रथम वार्षिकोत्सवको अवसरमा विभिन्न स्रष्टालाई सम्मान तथा अवार्ड प्रदान गरेको छ। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरले उनीहरूलाई सम्मान गरेका हुन्।

महिला सशक्तीकरण, शिक्षा, स्वास्थ्य, रोजगार र विभिन्न सेवामुलक सामाजिक संघ सस्था मार्फत् राष्ट्र र समाजको लागि पुऱ्याएको योगदानको कदर स्वरुप सम्मान गरिएको आयोजनकले जनाएका छन्।कार्यक्रममा सभामुख देवराज घिमिरेले सामाजिक रुपान्तरणलाई उपयुक्त दिशानिर्देश गरी समाजलाई प्रगतिशील बनाउन सबैको महत्वपूर्ण भूमिका हुने बताए।

सम्मानित हुनेहरूमा गायिका जुनु रिजाल, गायक तिलकसिंह पेला, समाजसेवी भिम सुब्बा गुरुङ्ग, डा.आन्ची तेन्जीङ्ग धर्के गुरुङ्ग, रामहरि सिलवाल , भवानी प्रसाद पौडेल, प्रज्ञान अर्याल, कृषि बिज्ञ डा. हिरालाल भुजेल, लगायत छन्। सोही अवसरमा १३ जनालाई राष्ट्रिय नागरिक क्रियटिभ अवार्ड २०७९ पनि वितरण गरिएको थियो। कार्यक्रममा संघीय ससद प्रदिप पौडल नेपाल, चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला लगायतले बोलेका थिए

# "कमेडी क्लब विथ च्याम्पियन्स" ले लियो ब्रेक


काठमाडौं। हास्य-व्यंगमा आधारित टेलिभिजन रियालिटी शो 'कमेडी क्लब विथ च्याम्पियन्स' बन्द भएको छ। शोका निर्देशक तथा होस्ट विशाल भण्डारीले सामाजिक सञ्जालमार्फत शो तत्कालका लागि बन्द भएको जानकारी दिएका छन्। ६९ एपिसोड पूरा गर्दा टिमलाई केशी समयको लागि छोटो विश्राम (ब्रेक) आवश्यक देखिएकाले तत्कालको लागि शो बन्द भएको भण्डारीले बताएका छन्। कमेडी क्लब विथ च्याम्पियन्सको १६ महिनाको यात्रा निकै रोमाञ्चक रहेको भण्डारीको भनाइ छ। काम गर्दै गर्दा सुरुवातको वर्ष नै 'बेस्ट पपुलर टीभी शो'को अवार्ड जित्न सफल भएको उल्लेख गर्दै भण्डारीले त्यसको श्रेय कलाकार, लेखक, क्रियटिभ टिम र शोको उत्पादक थ्री प्रोडक्स टिम, कि एडभरटाइजिङ, कि एडभर्टाइजिङ र दर्शकको मायालाई जाने बताएका छन्।


# कालो पहाडको दृश्य/चित्र प्रारम्भ

■ **इन्दुल के.सी.**

प्रजापति तिमल्सिनाले नेपाली साहित्यक्षेत्रमा 'अनेरूवा' उपन्यास (२०७३), 'विधुवा वासना' (२०७६), तथा 'कालो पहाड' उपन्यास (२०७८) सालमा प्रकाशित गर्नुभयो। प्रकाशित कृतिहरूको समयमा मात्र हेर्ने हो भने उहाँले विगत ६ वर्षदेखि आफ्ना कृतिहरु पाठकसमक्ष पस्किँदै आउनुभएको छ।

कुनै लेखकले आफ्नो पुस्तक प्रकाशन गर्नुभन्दा पहिले निकै समय आफूले साहित्यका विभिनन पुस्तकहरु अध्ययन गर्ने, विभिनन फुटकर लेखहरु लेख्ने र पत्रपत्रिकामा आफ्ना लेखहरु प्रकाशित गर्ने गर्दछन्। यसको अर्थ प्रजापति तिमल्सिनाको साहित्यिकयात्र कहिलेदेखि कसरी सुरु भयो भन्ने कुरा एकिनका साथ म भन्न सक्दिनँ।






**उपन्यास**

नेपाली भाषामा लेखिएका उपन्यासको इतिहासलाई हेर्ने हो भने गिरिशवल्लभ जोशीको 'वीरचरित्र' नामक पुस्तक वि.सं. १९६० मा प्रकाशित भएको मानिन्छ। रूद्रराज पाण्डेको 'रूपमती' वि.सं. १९९१ मा प्रकाशित भएको थियो। यसपछि रूपनारायण सिङ्हको 'भ्रमण' नामको उपन्यास प्रकाशित भएको थियो। त्यसपछिका धेरै उपन्यासकारहरुमा लैनसिङ्ह वाङ्देल, डाइमन्ड शमशेर, रूद्रराज पाण्डे, पुष्कर शमशेर आदिको नाम आउँछ। नवोदित उपन्यासकारहरुको पङ्क्तिमा प्रजापति तिमल्सिना पनि देखा पर्नुभयो। उपन्यासकारहरुले मानिसको अनुभवलाई आफ्नो काल्पनिक रङ्ग दिएर कुनै निश्चित परिवेशमा पात्रहरुको कामलाई सुत्रवद्ध गरिएको हुन्छ। खासगरी समाजमा रहेका विभिन्न वर्गका पात्रहरुका पारिवारिक, आर्थिक, सामाजिक, अभिरुचि इत्यादि कुराहरुलाई उपन्यासमा दर्साइने गरिन्छ।

**कालो पहाड**

यो उपन्यासलाई उपान्यासकार तिमल्सिनाले निम्नलिखित पाँचओटा परिच्छेदहरुमा विभक्त गर्नुभएको छ।

१) शब्द हराएको कथा, २) लुगा च्यातिएको पिर छैन तर मनै च्यातिन्छ कि भन्ने पिर, ३) आँधीमा चिराक जल्दैन, ४) त्यसैले होला पशुले आँसु नझार्ने, ५) पुरुष भेडो जात पो हो।

उल्लिखित परिच्छेदहरुको शीर्षकले यस उपन्यासका पाठकहरुलाई कौतुहलता जगाउँछ। ती कौतुहलताभित्र केही प्रश्नहरु उब्जिनछ। उदाहरणको लागि :

१) कसको कथा ?, २) के कुरामा के शब्द हराएको ? ३) किन मनै च्यातिन्छ कि भनने पिर ?

यसरी नै आँधीबेरी, हुरी चलेको बेला हावाको झोक्काले कुनै पनि बत्ती बल्न सक्दैन। यो कुरा सबैलाई थाहा नै भएको होला तर यहाँ उपन्यासकारले कस्तो आँधी र कस्तो चिराक भन्न खोजेको हो ? भन्ने कुराले सबैलाई कुरिकुरी लगाउँछ। दु:ख पर्दा मानिसको आँखाबाट आँसु झर्छ यो स्वाभाविक छ तर किन पशुको आँसु झर्दैन ? यसरी नै यो उपन्यासको अन्तिम परिच्छेदको शीर्षकले पुरुष भेडो जाता हो भनेर किन भनियो ?

उपन्यासकार प्रजापति तिमल्सिनाले यस उपन्यासको अग्र भागमा उपोद्घात शीर्षकअन्तर्गत यो उपन्यास कुन परिवेशमा कसरी तयार गरियो भन्ने कुरालाई प्रकाश पार्नुभएको हो। यस उपन्यासका पात्रहरु माइला, अमृत, रूपालगायतले आफ्नो समाजमा भोगिआएको वर्गीय विभेद, लैङ्गिक र जातीय विभेदको एक सशक्त चित्रण उपान्यासकारले अति रोचक साथै मार्मिक रूपमा प्रस्तुत गर्नुभएको पाइन्छ।

**यस उपन्यासबारे विद्वान्को दृष्टि**

यो उपन्यासलाई डा. यज्ञश्वर निरौलाले सीमान्तकृत दृष्टिकोणमा कालो पहाडअन्तर्गत निम्न उपशीर्षकहरुमा विस्तृत चर्चा गर्नुभएको छ।

१) कालो पहाडमा सिमान्तियता, २) महिलाको परिचय, ३) वर्गीय आधारमा महिला, ४) लैङ्गिक विभेदमा महिला, ५) जातीय आधारमा महिला, ६) वर्चश्व/प्रभुत्वको आधारमा महिला, ७) लेखकीय दृष्टिकोण र ८) निष्कर्ष गरी ८ ओटा बुँदाहरुमा विवेचना गर्नुभएको छ। डा. निरौलाले यहाँ प्रस्तुत गर्नुभएको ९ पृष्ठको समीक्षा उच्च कोटिको रूपमा रहेको मैले पाएँ।

**अन्तमा**

पुष्पापराग साहित्य प्रतिष्ठान भक्तपुरले प्रकाशन गरेको २१७ पृष्ठको यो पुस्तकको मूल्य रू. ३७५ मात्र रहेको छ। सन्तोष दाहालले तयार गर्नुभएको आवरण डिजाइन आकर्षक छ। नेपाली साहित्यमा अभिरुचि राख्ने पाठकहरुले यो उपन्यास पढ्नलायक तथा पुस्तक सङ्ग्रहणीय छ भन्ने मलाई लाग्दछ।

# युक्रेनको नेटो सदस्यताले तेस्रो विश्वयुद्ध निम्त्याउने



विष्णु भट्टराई

बाहिर लोकतन्त्र बचाउनेजस्ता राम्रा नारा, तर भित्र कुटिल चालले प्रेरित भएर वासिंटनले संसारलाई भयानक विनाशतर्फ डोहोऱ्याउने जोखिम छ।

जुलाई ११ मा नेटोको भिल्नियस बैठक सुरु हुनुअघि ४६ जना विदेशनीति विशेषज्ञले खुला पत्र जारी गर्दै युक्रेनलाई नेटो सदस्य दिलाउन माग गरिएको थियो । पत्रमा नेटो सदस्यता दिनुअघि रुसलाई युद्धमैदानमा हराउन सघाउनुपर्ने र उसको सन् १९९१ को सीमामाथि पूर्ण नियन्त्रण पुनः स्थापित गर्ने उपाय पनि सुझाइएका छन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युरोपको सुरक्षालाई पुनर्निर्माण गर्न चाहेको तर त्यस महत्वाकांक्षामा असफल भएको धारणाबाट अघि बढ्दै खुलापत्रका लेखकले पुटिनले युक्रेनमाथि नियन्त्रण स्थापित गर्ने आफ्नो लक्ष्य त्याग्नुपर्ने माग गरिएको छ । मुख्यतः नेटोले किभलाई सदस्यताको स्पष्ट मिति तोक्नुपर्नेमा जोड दिँदै हाल कायम अस्पष्टताले रुसी आक्रमणलाई निम्तो दिने लेखकहरूको दाबी छ ।

युक्रेन सुरक्षित भए मात्र आन्द्र महासागरका दुई किनारका मुलुक स्थिर र सुरक्षित हुन सक्ने भन्दै सन् २००८ मा बुखारेस्टको नेटो शिखर सम्मेलनमा गरिएको वाचा पूरा गर्दै युक्रेनलाई नेटोमा प्रवेश गरेर मात्र त्यो लक्ष्य हासिल हुने लेखकहरूको दाबी छ । खुलापत्रका लेखकले युक्रेनले औपचारिक सदस्यता हासिल गर्नुअघि रुससँग जारी युद्धमा जित हासिल गर्न उसलाई नेटोले सम्पूर्ण प्रकारको हतियारले सुसज्जित बनाउनुपर्ने र युक्रेनको दीर्घकालीन राष्ट्रिय रक्षा रणनीति, राष्ट्रिय प्रतिरक्षा रणनीति र राष्ट्रिय प्रतिरक्षा अवस्थिति नेटोको मापदण्ड र योजनाअनुरूप विकास गर्नुपर्ने सुझाब पनि दिइएको छ ।

ट्रान्सएट्लान्टिक समुदायलाई थप स्थिर, सुरक्षित र समृद्ध बनाउने सुझाब दिइएको भनिए पनि यस पत्रका सुझाब कार्यान्वयन गरिए पश्चिम र युरेसियाको आपसी विनाशका लागि खुला निमन्त्रणा हुनेछ । यो खुलापत्र इतिहास, भूगोल र भूराजनीतिको अज्ञानता, उदासीनता र अहंकारमा टेकेर गरिएको त्रुटिपूर्ण विश्लेषण मात्र हो । लेखकहरूले पुटिनले युरोपको सुरक्षालाई उल्ट्याउने योजनाका साथ काम गरेको कुटिल तर्क दिइरहँदा नेटोको पूर्वविस्तारले यो संगठन पिटर द ग्रेटको राजधानीसम्मुख पुगेको र त्यसको प्रतिक्रियाबारे केही उल्लेख गरेका छैनन् ।

उनीहरूले नेटोमा युक्रेनको प्रवेशले सन् २००८ मा बुखारेस्टमा गरिएको वाचा पूरा गर्ने कुरामा त जोड दिएका छन्, तर त्यसपछि नेटोले रुसलाई घेर्नेछ भन्ने कुरालाई बेवास्ता गरेका छन् । लेखकले नेटोको पूर्वतर्फको विस्तार रोक्न रुसी नेतृत्वले उठाएको विरोधमा कुनै ध्यान दिएका छैनन् । रुसी दृष्टिकोणबाट पश्चिमले त्यसमा विशेष अमेरिकाले सधैँ आफ्नो आश्वासन पूरा नगरेको वा रुसलाई राष्ट्रिय सुरक्षाको सन्दर्भमा बालुवामा टाउको गाड्ने अवस्थामा पुऱ्याएको बुझाइ छ ।

सन् १९८९ डिसेम्बरमा माल्टामा भएको शिखर सम्मेलनमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज एच डब्ल्यु बुस (जर्ज डब्ल्यु बुसका पिता)ले उनका सोभियत समकक्षी मिखाइल गोर्बाचेभ र फेरि सन् १९९० फेब्रुअरीमा अमेरिकी विदेशमन्त्री जेम्स बेकरले गोर्बाचेभलाई मस्कोमा भनेका थिए, 'हामी पूर्वी (युरोपेली) देशलाई आश्वस्त बनाउनुपर्ने कुरालाई बुझ्छौँ । हामीले अहिले नेटोको सदस्य रहेको जर्मनीमा उपस्थिति कायम राख्यौँ भने त्योभन्दा पूर्वमा एक इन्च पनि नेटोको अधिकार क्षेत्रको विस्तार हुनेछैन ।'

तर, केही वर्षपछि नै सन् १९९७ जुलाईमा म्याड्रिडमा भएको नेटोको शिखर सम्मेलनमा, नेटोले तीन भूतपूर्व कम्युनिस्ट मुलुक पोल्यान्ड, हंगेरी र चेक गणतन्त्रलाई औपचारिक रूपमा नेटो गठबन्धनमा सामेल हुन आमन्त्रित गऱ्यो । आमन्त्रित उल्लिखित तीन मुलुकले सन् १९९९ मार्चमा सदस्यता पाए । त्यसको दुई हप्ता पनि समय नबित्दै, नेटोले कोसोभोमा आफ्नो सैन्य कारबाही अन्त्य गर्ने प्रयासमा रुसको सहयोगी सर्बियामाथि बमबारी गर्न थाल्यो । त्यसपछि फेरि रुसको सुरक्षा चासोलाई बेवास्ता गर्दै सन् २००२ मा नेटोको दोस्रो चरणको पूर्वी विस्तार सुरु भयो । यस चरणमा सोभियत संघका प्रभाव क्षेत्र मानिने बुल्गेरिया, इस्टोनिया, लात्भिया, लिथुआनिया, रोमानिया, स्लोभाकिया र स्लोभेनियाले मार्च २००४ मार्चसम्ममा नेटो सदस्यता पाए । मस्कोले यस चरणमा नेटो प्रवेश गरिएका विशेषगरी बाल्टिक राज्यहरू (इस्टोनिया, लात्भिया, लिथुआनिया)लाई लिएर स्पष्ट र मुखर असन्तुष्टि व्यक्त गऱ्यो ।

त्यसपछिका वर्षमा जर्जिया, युक्रेनमा भएका रंगीन आन्दोलनले अमेरिका-रुस सम्बन्धमा थप चिसोपन ल्यायो । जर्जियामा सन् २००३ को गुलाब क्रान्ति र युक्रेनमा सन् २००४ को सुन्तला क्रान्ति र फेरि सन् २०१४ को मैदान क्रान्तिपछि वासिंटन र मस्को एक-अर्काको सामने खडा भए । लामो समय रुस र पश्चिमबीचको संक्रमण क्षेत्र मानिएको जर्जिया र युक्रेनमा पश्चिम समर्थित सरकारको आगमन र त्यसमा थोरबहुत अमेरिकाको सहायोगपछि नेटोको विस्तार रुसविरुद्ध लक्षित भएको भन्ने रुसी विचारमा थप बल पुग्यो । अमेरिकी नागरिकले तेस्रो विश्वयुद्धतर्फको मूर्खतापूर्ण यात्राविरुद्ध अडान लिने समय आएको छ

नेटो कृष्ण सागर, रोमानिया, बुल्गेरियामा व्यापक तथा व्यवस्थित रूपमा विस्तार भइरहेको थियो र युक्रेनलाई हतियार बिक्री गर्न थालेको थियो । यसबाट उत्पन्न असुरक्षाका कारण आफू सन् २०१४ मा क्रिमियालाई विलय गराउन र सन् २०२२ मा युक्रेनमा आक्रमण गर्न बाध्य भएको रुसको दाबी छ ।

सन् २००८ मै तत्कालीन रुसी राष्ट्रपति दिमित्री मेदभेदेवले नेटो विस्तारले रुसमा उब्जाएको सुरक्षा चिन्ताको कुरा उठाएका थिए । 'मुख्य मुद्दा के हो भने नेटोले उसको सैन्य पूर्वाधार हाम्रो सिमानासम्म ल्याइरहेको छ र युरोपमा नयाँ विभाजन रेखाहरू कोरिरहेको छ । यसपटक त्यो रेखा हाम्रो पश्चिमी र दक्षिणी भागमा कोरिँदै छ । हामीलाई जे आश्वासन दिइए पनि यस कामलाई हामीले रुसविरुद्ध निर्देशित कारबाहीको रूपमा हेर्नु स्वाभाविक हो,' मेदभेदेवले रुसी चासोलाई संक्षेपमा व्यक्त गर्ने क्रममा भनेका थिए ।

रुसमाथिको नेटोको सुरक्षा खतराबारे बोल्ने मेदभेदेव एक्लै थिएनन् । सोभियतकालमा वासिंटनको सोभियत घेर्ने नीतिका लेखक तथा रुसी विज्ञ जर्ज केनानले 'नेटोको विस्तार शीतयुद्ध अन्त्यपछिको युगमा अमेरिकी नीतिको सबैभन्दा घातक त्रुटि हुने' चेतावनी दिएका थिए । 'यो नयाँ शीतयुद्धको सुरुवात हो । रुसीहरूले बिस्तारै प्रतिकूल प्रतिक्रिया दिनेछन् र यसले उनीहरूको नीतिहरूलाई असर गर्नेछ ।

मेरो विचारमा यो दुःखद गल्ती हो । किनकि अहिले कसैले कसैलाई धम्की दिएको थिएन,' केनानले भनेका थिए । केनानलाई पछ्याउदै पूर्वसिनेटर, सेवानिवृत्त सैन्य अधिकारी, कूटनीतिज्ञ र शिक्षाविद् सामेल करिब पचास लब्ध-प्रतिष्ठित विदेशनीति विशेषज्ञले तत्कालीन अमेरिकी राष्ट्रपति बिल क्लिन्टनलाई खुलापत्र लेखेर नेटो विस्तारको विरोध गरेका थिए । पत्रमा तिनले यस कदमलाई 'ऐतिहासिकस्तरको नीतिगत त्रुटिको' रूपमा चित्रित गरेका छन् ।



केनानको भविष्यवाणी सन् २०२२ मा वास्तविकतामा बदलिएपछि युक्रेनमा रुसको आक्रमण निम्त्याउन जिम्मेवार भ्रमित विदेशनीति मानसिकताले अहिले नयाँ रूप लिएको छ । युक्रेनलाई समर्थन गर्नु भनेको लोकतन्त्रको रक्षा र पश्चिममा निरंकुशता र दुष्टताविरुद्ध शान्तिको पक्षपोषण गर्ने ईश्वरीय दायित्व हो भन्ने भाव जागेको छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिन अहिले २० वर्षअघिका सद्दाम हुसेनजस्तै दुष्टताको प्रतीक बनेका छन् । त्यसैले रुसको मुक्तिका लागि पुटिनलाई सत्ताबाट हटाउनुपर्ने वा निस्तेज बनाउनुपर्ने बहस सुरु भएको छ ।

यी विचारमा असहमति जनाउनु भनेको लोकतन्त्र बचाउने युद्धविरुद्ध उभिनुबराबर बनाइएको छ । तर, यस युद्धले यथार्थ, लोकतान्त्रिक मूल्य-मान्यता र युद्धको विशाल खर्चलाई बेवास्ता गरिरहेको छ । र, तत्कालीन क्लिन्टन सरकारजस्तै वर्तमान बाइडेन सरकारले पनि मूलधारका मिडिया, नवरुढिवादी, लिबरल हस्तक्षेपवादी र रक्षा प्रतिष्ठानसँग जोडिएका थिंकट्यांकबाट प्रोत्साहित र उत्प्रेरित भएर शान्तिको सम्भावनालाई भन्दा युद्धको गतिलाई बिस्तारै बढाएको छ । यस क्रममा बाइडेनले शान्तिको सम्भावनालाई खारेज गर्दै युक्रेनमा घातक हतियारको मात्रा र गुणस्तर बढाएका छन् ।

एउटा कुरामा भने निश्चित हुन सकिन्छ कि रुसको गुनासाका बाबजुद उसले युक्रेनमा आक्रमण गरेर गम्भीर गल्ती गरेको छ । त्यसमाथि उसले युक्रेनीहरूको देशभक्तिपूर्ण युद्ध लड्ने इच्छालाई कम आकलन गरेर रणनीतिक गल्ती गरेको छ । युक्रेनको कठोर प्रतिरोधमा नेटोको सैन्य समर्थन पाएपछि अहिले रुस क्रिमिया र दोनबासमा अड्किएको छ, जहाँ मस्कोले आफ्नो प्रतिरक्षा खनेर बसेको छ । अब पुटिन वा अन्य कुनै रुसी नेता त्यस क्षेत्रलाई गुमाएर हार स्विकार गर्ने स्थानमा छैनन् । पन्ध्रौँ शताब्दीमा मस्कोले मंगोलहरूलाई पराजित गरी दोनबास कब्जा गरेदेखि यो भेग रुस र त्यसपछि सोभियत संघको गठनका लागि अभिन्न अंग भएको छ ।

क्रिमिया र यसवरपरका पूर्वी-दक्षिणी रुसका क्षेत्रहरू मस्कोको जार साम्राज्यको शक्तिलाई विस्तार, संरक्षण गर्न मात्र होइन, शक्ति प्रदर्शनका लागि महत्वपूर्ण भूमि रहने गरेको छ । प्रारम्भमा, पिटर द ग्रेटले अजोभ र क्रिमियाको समुद्रमा आफ्नो नजर लगाएका थिए । उनले अटोम्यान साम्राज्यको कब्जामा रहेको अजोभ किल्ला हत्याए (जसलाई पहिले अजाक किल्ला भनिन्थ्यो) । त्यस किल्ला अजोभ बन्दरगाह अवलोकन र सुरक्षाका लागि खडा गरिएको थियो । सन् १६९८ सेप्टेम्बरमा उनले अजोभ सागरमा पहिलो रुसी नौसेना आधार 'ट्यागानरोग' स्थापना गरेका थिए । पछि क्याथरिन द ग्रेटले पिटरको शाही परियोजनालाई निरन्तरता दिइन् र सन् १७७४ मा क्रिमिया र यसवरपरको भेग कब्जा गरिन् । त्यस ठाउँ कब्जा गरेपछि मस्कोले सेभास्टोपोलमा आफ्नो रणनीतिक नौसैनिक आधार स्थापना गऱ्यो, जुन अहिले पनि रुसको 'कृष्ण सागर फौज'को मुख्य आधारको रूपमा रहेको छ ।

मस्कोले कृष्ण सागरमा रणनीतिक आधार खडा गरेपछि त्यहाँबाट अशान्त रहेको कोकस क्षेत्रमा आफ्नो शक्ति विस्तार गऱ्यो । मस्कोका लागि इतिहासदेखि वर्तमानसम्म क्रिमिया र दोनवास भूराजनीतिक गुरुत्वका केन्द्र र महान् शक्तिको रूपमा प्रस्तुत मस्कोका प्रतिष्ठा हुन् । पुटिनले यी क्षेत्रका ऐतिहासिक, रणनीतिक र सांस्कृतिक महत्वलाई मात्र जोड दिएका छैनन्, रुसलाई पुनः महान् शक्तिको रूपमा पुनर्गठन गर्ने नेताको रूपमा उनलाई वैधता दिने प्रमाण बनाएका छन् ।

उदाहरणका लागि सन् २०१४ मार्चमा रुसी संसदमा गरेको सम्बोधनमा पुटिनले जोड दिँदै भनेको कुरालाई ख्याल गर्नुपर्छ । 'क्रिमियाका हरेक वस्तुले हाम्रो साझा इतिहास र प्रतिष्ठा बोल्छन् । यो प्राचीन खेरसोन्स भएको क्षेत्र हो, जहाँ राजकुमार भ्लादिमिर 'बाप्टाइज' भएका थिए । अर्थोडक्सी (क्रिस्चियन धर्मको एक पन्थ)लाई ग्रहण गर्ने उनको आध्यात्मिक सफलताले रुस, युक्रेन र बेलारुसलाई जोड्ने संस्कृति, सभ्यता र मानवीय मूल्यको समग्र आधारको निर्धारक बन्यो ।'

पुटिन भाषणमा थप अगाडि भन्छन्, 'क्रिमिया एक फरक देशको हिस्सा बनेपछि मात्र रुसले आफू केवल लुटिएको मात्र नभएर डकैतीमा परेको महसुस गऱ्यो..., अहिले धेरै वर्षपछि मैले क्रिमियाका बासिन्दाले सन् १९९१ मा तिनलाई आलुको बोराजस्तै कसैलाई सुम्पिएको गुनासो गर्ने गरेको सुनेँ । यससँग असहमत हुन कठिन छ । त्यो वेला रुसी राज्यले के गऱ्यो ? बस, परिस्थितिलाई नम्रतापूर्वक स्वीकार गऱ्यो । त्यतिवेला देश यति कठिन समयबाट गुज्रिरहेको थियो कि यथार्थमा यो आफ्नो स्वार्थ रक्षा गर्न अक्षम थियो । तर, जनताले यस घृणित ऐतिहासिक अन्यायमा चित्त बुझाउन सकेनन् ।'

पुटिनको यस भाषणले सोभियत संघको विघटनपछि मस्कोले सामना गर्नुपर्ने अपमानलाई इंगित गर्छ । तर, सबैभन्दा महत्वपूर्ण कुरा, पुटिनले क्रिमिया रुसको अविभाज्य भाग भएको र यो ठाउँ रुसको सभ्यता र साम्राज्यको रूपमा उदयका आधारशिला हो भन्ने धारणालाई जोड दिएका छन् । मस्कोले क्रिमियालाई पुनः कब्जा लिनु आफूविरुद्ध गरिएको घोर ऐतिहासिक अन्यायलाई सच्याउने कार्य भएको उनको संकेत छ । यस हिसाबले क्रिमिया र दोनबास रुसको रातो घेरा हुन् ।

नेटोलाई सम्बोधन गरेर खुलापत्र लेख्ने लेखकले रुसको इतिहास र हार स्वीकार गर्न नखोज्ने ऐतिहासिक प्रवृत्तिमा पनि ध्यान दिएका छैनन् । रुसीहरूले नेपोलियनसामु घुँडा टेक्नुको सट्टा मस्कोमा आगो लगाउन रुचाए । लालसेनाले दोस्रो विश्वयुद्धको पूर्वी मोर्चामा ठूलो मूल्य चुकाएर इतिहासकै सबैभन्दा ठूलो आक्रमणलाई रोक्यो । त्यस युद्धमा ३०-५० लाख जर्मन सेना र करिब सात लाख जर्मन समर्थक मुलुकका सेनाहरू समावेश थिए । पूर्वी मोर्चामा नाजीले खाएको धक्काले हिटलर शासनलाई चोट पुगेको थियो । मस्कोले नाजी आक्रमण उल्ट्याएपछि पश्चिमी फौजलाई नर्मन्डी अवतरणका लागि मार्ग प्रशस्त भएको थियो ।

उल्लेखनीय कुरा, लेखकले युद्धमैदानमा रुसको हारलाई आन्द्र महासागरको दुई किनारको सुरक्षा, स्थायित्व र समृद्धि कायम गर्नुसँग जोडेका छन् । यस सन्दर्भमा, तिनले युक्रेनलाई आक्रामक र रक्षात्मक हतियार प्रदान गर्न समर्थन गर्नु स्वाभाविक हो । त्यसो गरेर तिनले नेटोलाई रुससँग युद्धमा तान्ने घातक रणनीतिक त्रुटि गर्दै छन् । पत्र त्यो समयमा आएको छ, जब युक्रेनले नयाँ प्रत्याक्रमण सुरु गरेको छ । त्यस्तै यही समयमा बाइडेन प्रशासनले युक्रेनलाई लामो दूरीको मिसाइल (एटिएसिएम) र क्लस्टर हतियार प्रदान गर्ने घोषणा गरेको छ ।

यस कदमले वासिंटनलाई युद्ध कानुन उल्लंघनकर्ता राष्ट्र बनाउनेछ । किनभने क्लस्टर बमको कुनै निसाना हुँदैन । तिनको प्रयोग भएको समयमा र द्वन्द्व समाप्त भएको वर्षौंपछिसम्म पनि नागरिक हताहती गराइरहन्छ । जुन गतिमा अमेरिकाले युक्रेनमा हतियारको स्तर बढाउँदै लगेको छ, अन्ततः उसले युक्रेनमा लडाकु विमान पनि पठाउन सक्छ । आखिर मुख्य उद्देश्य युक्रेनलाई युद्ध मैदानमा विजयी हुन मद्दत गर्ने भएपछि त्यसलाई सघाउने हतियार पठाइने नै भयो ।

तर, नेटोलाई खुलापत्र लेख्ने लेखकले रुसको सम्भावित प्रतिक्रिया विचार गरेका छन् ? पुटिनजस्ता आणविक हतियारको सबैभन्दा भण्डारले सुसज्जति राष्ट्रवादी नेताले उनको शासन जोखिम आउने अवस्थामा घातक प्रतिक्रिया दिनेछैन भन्ने कुनै आधार छैन । यस सन्दर्भमा, पत्रका लेखकले तेस्रो विश्वयुद्ध सुरु भए पनि होस् तर युक्रेनले जित्नुपर्छ भनेजस्तो देखिन्छ ।

त्यस्तो अवस्था आयो भने युरोप र युरेसियाको विनाश हुनेछ । बाहिर लोकतन्त्रको बचाउ भनेर भित्रभित्र कुटिल जोडघटाउ गरी बाइडेन प्रशासनले अमेरिका र धेरै देशलाई जनसांख्यिकीय, राजनीतिक र ऐतिहासिक रूपमा द्वन्द्वग्रस्त देशमा जकडेर विश्वलाई आणविक विनाशतर्फ धकेलिरहेका छन् । आममानिस त्यसमा पनि विशेषतः अमेरिकीहरूले तेस्रो विश्वयुद्धतर्फको यस सामूहिक तर मूर्खतापूर्ण यात्राविरुद्ध अडान लिने समय आएको छ । यस्तो पागलपन रोक्नुपर्छ र पश्चिमी गठबन्धनको 'शान्तिका लागि हतियार' भन्ने नारालाई निस्तेज बनाउनुपर्छ ।

नेसनल इन्टरेस्टबाट

# भोकमरीको मारमा इथियोपिया

संयुक्त राष्ट्रसंघ र अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) लगायत दातृ निकायले खाद्यान्न आपूर्ति बन्द गरेपछि अफ्रिकी मुलुक इथियोपियामा भोकमरीको समस्या देखिएको छ ।

दातृ निकायले दिएको खाद्यान्नमा अनियमितता भएपछि तत्कालका लागि सहयोग रोकिएको राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले जनाएको हो। यूएसएआईडीले पनि केही दिनअघि मात्र इथियोपियालाई खाद्यान्न सहयोग रोकेको थियो। खाद्यान्न चोरीमा इथोपियन सरकारका अधिकारी वा विद्रोही पक्ष संलग्न थिए भन्ने स्पष्ट नभएसम्म सहयोग रोक्ने उनीहरूले बताएका हुन्।

'लक्षित वर्गलाई दिइएको खाद्यान्न अन्यत्र दिने कार्य स्वीकार्य छैन। यद्यपि, यस मामिलामा जाँच र जिम्मेवार व्यक्तिलाई कारबाही गर्ने इथोपियन सरकारको प्रतिबद्धतालाई स्वागत गर्छौं,' डब्लूएफपीका कार्यकारी निर्देशक सिन्डी म्याकेनले भने।

१२ करोड जनसंख्या भएको इथियोपियामा करिब २ करोड नागरिक सुक्खा र द्वन्द्वका कारण भोकमरीको चपेटामा छन्। उनीहरूलाई धेरैजसो सहायता यूएसएआईडी र डब्लूएफपीबाट हुँदै आएको छ। यी निकायले सहयोग बन्द गरेपछि अफ्रिकाकै दोस्रो धेरै जनसंख्या भएको उक्त देशमा फेरि कुपोषण बढ्ने अनुमान गरिएको छ।

यूएसएआईडी, डब्लूएफपी र इथोपियन सरकार कसैले पनि खाद्यान्नमा भएको अनियमितताको जिम्मेवार को हो भन्ने स्पष्ट पारेका छैनन्। चालु वर्षको सुरुवातमै यूएसएआईडीकी अधिकारी सामन्था पवारले अमेरिकी विदेशी सम्बन्ध समितिमा इथियोपियाको उत्तरी टिग्रे क्षेत्रमा मिलेमतोमा खाद्यान्नमा अनियमितता भएको जनाएकी थिइन्।

यूएसएआईडीको साथ संयुक्त विज्ञप्ति जारी गर्दै इथियोपियाको विदेश मन्त्रालयले यसबारे अमेरिकासँग मिलेर अनुसन्धान गरिने स्पष्ट पारेको छ। उनले खाद्यान्नमा यस प्रकारको अनियमिततामा संलग्नलाई कारबाही गर्ने पनि दाबी गरेको छ।

खाद्यान्न अनियमितता देखिएको टिग्रे क्षेत्र लामो समयदेखि द्वन्द्वग्रस्त स्थान हो। त्यहाँ खाद्यान्न चोरीको खबर आएपछि दातृ निकायले अघिल्लो महिनादेखि नै सहयोग स्थगित गरिएको थियो। उक्त क्षेत्रका ६० लाख मानिसमध्ये ५४ लाख दातृ निकायको सहायतामा निर्भर छन्।

उत्तरी इथियोपियाको एक चर्चका पादरी टेस्फा किरोस मेरेस्फा केही दिनयता खाद्यान्न माग्दै हिँडेका छन्, जबकि उक्त क्षेत्रमा दुई वर्षदेखिको युद्धका कारण थुप्रै व्यक्ति भोकमरीको चपेटामा छन्। 'यो पीडाका बारेमा बयान गर्न मसँग कुनै शब्द छैन,' टेस्फाले भने। टिग्रे क्षेत्रमा सहयोग रोकिँदा भोकमरीका कारण मृत्युका घटना सार्वजनिक भइरहेको समाचार संस्था एपीले जनाएको छ। द्वन्द्वबाट पीडित सयौं मानिसहरूसँग एउटा विद्यालय परिसरमा बस्ने टेस्फाले खाद्यान्नको समस्या भोगिरहेको बताए। 'हामी धेरैजसो दिन खान नपाई सुत्नुपर्ने बाध्यतामा छौं,' उनले भने।

गत वर्ष सन् २०२२ मा इथियोपियाको मानवीय सहायता क्षेत्रमा यूएसएआईडी ले १.८ अर्ब अमेरिकी डलर सहयोग दिन ढिलाइ गर्दा र खाद्यान्न समयमै आपूर्ति नहुँदा ठूलो समस्या



देखिएको थियो। लाखौं व्यक्ति भोकमरीको मारमा परेका थिए भने मौज्दात रहेका खाद्यान्न लुटपाट भएको थियो। राष्ट्रसंघका अनुसन्धानकर्ताले भोकमरीसँग जोडिएको युद्ध अपराधको चेतावनी दिएका थिए।

अहिलेको भोकमरीलाई भने भ्रष्टाचारसँग जोडिएर हेरिएको छ। टिग्रेका अधिकारीले आफ्नो क्षेत्रमा सहयोगस्वरूप प्राप्त ७ हजार मेट्रिक टन गहुँ लुटिएको जनाएका छन्। अन्य क्षेत्रमा खाद्यान्न लुटपाटको यकिन विवरण अझै सार्वजनिक भएको छैन। खाद्यान्न अनियमिततामा सरकारी निकायका अधिकारी संलग्न हुने गरेको दातृ निकायका पदाधिकारी बताउँछन्। इथियोपियाका सरकारी निकायका कर्मचारीले लाभग्राहीको संख्या बढाउने र आफ्ना लागि खाद्यान्न सुरक्षित गर्ने गरेको पनि आरोप छ।

इथियोपियामा अहिले कृषि उत्पादनको मौसम सकिएको छ। अबको मौसममा कम उत्पादन हुने गर्छ। त्यसैले ठूलो संख्यामा स्थानीय भोकमरी चपेटामा पर्ने भएका छन्। टिग्रेको मुख्य अस्पतालले पनि मार्चदेखि अप्रिलसम्म कुपोषणको समस्या लिएर भर्ना हुने बच्चाको संख्या २८ प्रतिशतले वृद्धि भएको जनाएको छ।

तर, यूएसआईडीका वरिष्ठ अधिकारीहरूले इथियोपियामा पुनः सहयोग सुरु गर्न सुधारको सम्भावना कम देखेको उल्लेख गरेका छन्। केही साताअघि विज्ञप्ति जारी गर्दै डब्लूएफपीले इथियोपियाका बच्चा, आमा, सुक्खाबाट प्रभावित पशुपालकका लागि गर्दै आएको सहयोगमूलक कार्यक्रम भने जारी रहने जनाएको थियो।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## बुद्ध र माझी



भगवान् बुद्ध एकपटक घुम्दै नदी किनारमा पुगे । त्यहाँ एउटा माझी जाल हालेर माछा समातिरहेका थिए । फर्लुङमा राखिएका माछा पानीको अभावमा तड्पी तड्पी मरिरहेका थिए ।

यो देख्दा बुद्ध ज्यादै द्रवीभूत भए र माझीको नजिक गएर सोधे- तिमी यो निर्दोष माछालाई किन समातिरहेका छौ ? माझीले भने- म यिनलाई समातेर बजारमा लगेर बेच्छु र धन कमाउँछु । बुद्धले भने- तिमी यी माछाको मूल्य मसित लेऊ र यिनलाई छाडिदेऊ ।

बुद्धको कुरा सुन्दा माझी खुसी भए । उनलाई बजार जानु पनि परेन र पैसा पनि आयो । बुद्धले मूल्य चुक्ता गरे र ती तड्पिरहेका माछालाई नदीमै छोडिदिए । बुद्धको हर्कत देखेर माझी चकित भए । उनले बुद्धलाई सोधे- 'महाराज, तपाईंले यी माछा किनेर फेरि किन नदीमै छाडिदिनुभयो ? बुद्धले भने- मैले यिनलाई पुनः जीवन दिन सकिन्छ कि भनेर किनेको हुँ । कसैको हत्या गर्नु पाप हो । कसैले तिमी वा तिम्रा आफन्तको घाँटी रेटेर हत्या गरिदियो भने तिमी वा तिम्रा आफन्तलाई कस्तो लाग्ला ?

बुद्धले फेरि भने- जसरी हावा र पानी नपाए मानिस बाँच्न सक्दैन, त्यसैगरी माछा पनि पानी नपाउँदा तड्पी तड्पी मर्छन् । यी निर्दोष माछा तड्पेको तिमी कसरी हेर्न सक्छौ ? बुद्धको कुरा सुनेर माझीका आँखा खुले । उनले हात जोडेर भने- महाराज म एउटा चित्रकार पनि हुँ । अब प्राणी हत्याको मार्ग छाडेर चित्रकारिताबाट आफ्नो आजीविका चलाउनेछु । त्यसपछि हिसा छाडेर ती माझी एक सफल चित्रकार बने ।

## साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ । अथवा, कमजोर विकल्प अँगाल्नाले अवसर गुम्न सक्छ । सानो कमजोरीले बाधा पुर्याउनेछ । तत्कालको फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ । बेसुरमा दिएको वचनले समस्या निम्त्याउनेछ । विशेष योजना सार्वजनिक नगर्नुहोला । पछिका लागि जोहो गर्नुपर्ने समय छ । व्यापार लगायत आर्थिक काममा मन्दी आउन सक्छ ।

### वृष

आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रुहरू परास्त हुनेछन् र प्रतिस्पर्धीलाई पछि पार्न सकिनेछ । आम्दानी बढ्नेछ । कर्मको उचित प्रतिफल पाइनेछ । कृषिमा सामान्य र व्यवसायमा राम्रो फाइदा उठाउन सकिनेछ । प्रशस्त धन आर्जन गर्ने मौका छ ।

### मिथुन

शुभचिन्तकहरूको साथ प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । बोलीको भरमा काम सम्पादन हुनेछ । अध्ययनमा प्रगति हुनेछ । लगनशीलताले संकल्प पूरा गर्न सकिनेछ । कमजोर नतिजा सच्याउन केही काम दोहोर्याउनुपरे पनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । आलोचकहरूले समेत प्रशंसा गर्न थाल्नेछन् । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

### कर्कट

समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ । प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ । काममा साथ दिनेहरू बढ्नेछन् । रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ । इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

### सिंह

खर्चिलो काम गर्नुपर्दा अर्थअभाव देखा पर्नेछ । परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ला । लाभ नहुने कामको जिम्मेवारी वहन गर्नुपर्ला । आफ्नो मेहनतबाट अरूले फाइदा उठाउनेछन् । आम्दानी भए पनि खर्च बढ्नाले समस्या पर्नेछ । प्रयत्न गर्दा सरसापट भने पाइनेछ । लामो यात्रा गर्ने अवसर जुट्नेछ भने पछि फाइदा हुने काम प्रारम्भ हुन सक्छ ।

### कन्या

केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ । उद्योग र व्यापारमा पनि कम मात्र फाइदा हुनेछ । समय लागे पनि विगतका कर्मको उचित फल प्राप्त हुनेछ । तर समयमा सजग नहुँदा आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन् । पुरानो समस्याले सञ्चित रकम खर्च गराउन सक्छ । चल-अचल धनको उपयोगबाट आंशिक फाइदा उठाउन सकिनेछ ।

### तुला

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । समाजले पदीय दायित्व दिलाउन सक्छ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । प्रतिष्ठित व्यक्तिहरू नजिकिन सक्छन् । काममा विशिष्ट व्यक्तिको सहयोग प्राप्त होला । अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

### वृश्चिक

विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । परिस्थिति अनुकूल रहे पनि अरूका लागि बुद्धि खर्चनुपर्नेछ । आँटेको काममा अरूको मुख ताक्नाले पछि परिनेछ । श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ । अरूको करकापमा काम गर्न बाध्य भइनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने स्थिति आउन सक्छ । चिन्ता बढ्नेछ ।

### धनु

परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ । सामान्य कामलाई पनि निकै मिहिनेत पर्नेछ । अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला । पछिका लागि सम्भावना देखिए पनि तत्काल फाइदा उठाउन नसकिएला । आफ्नो मिहिनेतबाट अरूले फाइदा उठाउनेछन् । श्रम परे पनि उपलब्धि कम मात्र प्राप्त हुनेछ । स्वास्थ्यमा अलि कमजोरी अनुभूति हुनेछ ।

### मकर

व्यवसायका लागि सम्भावना खोजी गर्ने समय छ । तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न बाधा पर्नेछ । आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा घर-व्यवहारमा पनि समस्या आउन सक्छ । परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । मिहिनेतले काम सम्पादन भए पनि तत्काल आम्दानी हातलागी नहुन सक्छ ।


### कुम्भ

स्रोतसाधन जुट्नाले मेहनतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ । प्रतिस्पर्धामा विजयी भइनेछ भने द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ । रोकिएका काम बन्नाले काममा उत्साह जाग्नेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ ।

### मीन

परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । संघर्षले कर्मयोग अघि बढ्नेछ । अध्ययनमा धेरै समय जुट्न नसकिएला । महत्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । परिस्थितिले स्वतन्त्रतामा समेत बाधा पुर्याउन सक्छ ।

## सिसामाथि हिँड्न मिल्ने टावर



'वन्डर्स नेपाल' कम्पनीले काठमाडौंको कमलादीमा यही असार १५ (शुक्रबार) देखि स्काइ-वाक टावर सञ्चालनमा ल्याउँदैछ । पर्यटकका लागि नयाँ स्वाद दिने उद्देश्यले यो टावर बनाइएको कम्पनीका अध्यक्ष आकर्षण पोखरेलले बताएका छन् । उनका अनुसार स्काइ-वाक काठमाडौं उपत्यकाकै अग्लो संरचना हो । यहाँबाट उपत्यकाको ३६० डिग्री भ्यु देखिन्छ ।

काठमाडौंको उचाइमा उभिएर मानिसहरूलाई आकाशमा हिँडेजस्तो अनुभूत गराउन यो टावर सञ्चालनमा ल्याएको उनी बताउँछन् । कुल १३ रोपनीमा फैलिएको टावरमा कम्पनीले दुई अर्ब रूपैयाँ लगानी गरेको छ । यहाँ टावरबाहेक वरपर पार्किङ, बगैंचा र सटरहरू छन् । टावर ७८ मिटर अग्लो छ जसमा २५ तला छन् । २२ तलासम्म जान दुइटा लिफ्टको व्यवस्था छ । एउटा लिफ्टमा २४ जना अटाउँछन् । दुइटा भएकाले एकपटकमा ४८ जना लिफ्टमा चढेर तलमाथि गर्न सक्छन् ।

टावरको २३ औं र २४ औं तलामा रेस्टुरेन्ट हुने छ । यसमा एकैपटक तीन सयभन्दा बढी मानिसहरू बस्न मिल्छ । स्काइ-वाकभित्र रहेका रेस्टुरेन्ट, एम्पिथिएटरमा जान शुल्क लाग्दैन । यस्तै टावरको कम्पाउन्डभित्र पनि रेस्टुरेन्ट हुनेछन् ।

स्काइ-वाक भने टावरको २५ औं तलामा हुन्छ । यहाँ सिसामा टेकेर हिँड्न पाइन्छ । वरपरको दृश्य नियाल्न सकिन्छ । स्थानीय तहको कर र भ्याट सहित शुल्क एक हजार रूपैयाँ छ । ८० वर्ष माथिकालाई र ३ फिट उचाइ सम्मको बच्चालाई निःशुल्क छ । ७० देखि ८० वर्षकालाई ५० प्रतिशत छुट अर्थात् ५०० रूपैयाँ लाग्ने छ । उक्त रकममा करिब आधा घन्टा हिँड्न पाइनेछ । टावरको टुप्पामा हिँड्न कम्पनीले विशेष प्रकारको जुत्ता दिन्छ । टावर चढ्नुअघि सुरक्षा जाँच पनि हुन्छ । यहाँको पार्किङमा दुई सयभन्दा बढी चारपांग्रे र पाँच सयभन्दा धेरै दुईपांग्रे सवारी अट्छन् । ३६ वटा सटर बन्दै छन् ।

स्काइ-वाक टावर आन्तरिकसँगै बाह्य पर्यटकका लागि पनि आकर्षण बन्ने पोखरेलको विश्वास छ । कम्पनीले यसअघि इलामको कन्याममा स्काइ-वाक टावर सञ्चालनमा ल्याइसकेको छ । धनकुटाको भेडेटारमा पनि बन्दै छ । तिनको उचाइ भने यहाँको जति छैन ।

## आपराधिक गतिविधि बढे

काठमाडौंमा बैंकिङ कसुरसम्बन्धी अपराध अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष ०७९/८० मा ९१ प्रतिशतले बढेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंमा पछिल्लो एक वर्षमा दर्ता भएका अपराध तथ्यांकले यस्तो देखाएको हो ।

तथ्यांकअनुसार गत आर्थिक वर्षमा काठमाडौंपरिसरमा मात्रै बैंकिङ कसुरसम्बन्धी अपराध सात हजार एक सय एक दर्ता भएका छन् । अघिल्लो वर्षको सोही अवधिमा त्यस्ता अपराध तीन हजार सात सय १५ दर्ता भएका थिए । यो संख्या अघिल्लो वर्षको भन्दा ९१.१४ प्रतिशतले बढी हो ।

काठमाडौंभित्र भएका कुल अपराध संख्या विश्लेषण गर्ने हो भने बैंकिङ कसुरसम्बन्धी अपराधको हिस्सा ४७.२५ प्रतिशत हुन आउँछ । वर्ष दिनमा काठमाडौंभित्र मात्रै कुल १३ हजार चार सय ६४ अपराध भएका थिए । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख एसएसपी दानबहादुर कार्कीले काठमाडौंमा बैंकिङ कसुरसँग सम्बन्धित अपराध चुनौतीको विषय बनेको बताए । उनले भने, 'विगतका वर्षको तुलनामा बैंकिङ कसुरसँग सम्बन्धित अपराध ९१ प्रतिशतले बढेको देखिन्छ । कुल अपराध तथ्यांकसँग तुलना गर्दा यसको हिस्सा झन्डै ५० प्रतिशत रहेको देखिन्छ ।'

परिसरको तथ्यांकअनुसार काठमाडौंमा चोरीका घटना विगतको तुलनामा बढे पनि ठगीसँग सम्बन्धित कसुर भने नाटकीय ढंगले घटेको छ । गत वर्ष काठमाडौंमा चोरीका चार सय ६० घटना भएका थिए । यो संख्या बढेर यस वर्ष ६ सय ४७ पुगेको छ । यो गत वर्षको तुलनामा ४०.६५ प्रतिशतले बढी हो । तर, ठगीका घटना भने गत वर्षको तुलनामा ४९.०१ प्रतिशतले कम हो । गत वर्ष ठगीका आठ सय १२ घटना भएका थिए । जबकि यस वर्ष यस्ता घटना घटेर चार सय १४ मा मात्रै छ ।

काठमाडौं परिसर प्रमुख एसएसपी कार्कीले भने, 'चोरीका घटना बढेका छन् । तर, ठगीसँग सम्बन्धित घटना भने घटेको देखिन्छ । यस विषयमा प्रहरीले अध्ययन गरिरहेको छ ।'

काठमाडौंमा सुविधासँगै अपराधको ग्राफ पनि नाटकीय ढंगले उकालो लागेको देखिएको छ । काठमाडौंपरिसरको तथ्यांक विश्लेषण गर्दा काठमाडौंभित्र अपराधका घटना गत वर्षको तुलनामा करिब ५० प्रतिशतले बढेको छ । गत वर्ष काठमाडौंपरिसरमा अपराधका आठ हजार नौ सय ७७ घटना मात्रै दर्ता भएका थिए । तर, यस वर्ष बढेर १३ हजार चार सय ६४ पुगेको छ । यो गत वर्षको तुलनामा ४९.९८ प्रतिशतले धेरै हो । तथ्यांकअनुसार यस अवधिमा विशेष गरी बैंकिङ कसुर, अभद्र व्यवहार, चोरी, लागुऔषध, सवारी ज्यान, साइबर अपराधसँग सम्बन्धित अपराध बढेका छन् ।

## मार्सी धानमा नयाँ प्रविधि

काठमाडौं । ब्लास्ट रोगले संकटमा परेको जुम्ली मार्सी धानलाई रोग प्रतिरोधात्मक बनाउन दक्षिण एसियामै पहिलो पटक नयाँ प्रविधि प्रयोगमा ल्याइएको छ । नार्क, वोङ्गर विश्वविद्यालय र जिमोन टेक्नोलोजी कम्पनी एलजीसीले संयुक्त रूपमा कास्प प्रविधि प्रयोगमा ल्याएका हुन् ।

जुम्लाको छुमचौर मार्सी धान लगाइने संसारको सबैभन्दा उच्च स्थान हो । जुम्लाको चिसो हावापानीकै कारण त्यहाँको मार्सी एकदमै स्वादिलो, पौष्टिकतत्वले भरिपूर्ण र आडिलो हुन्छ । केही रातो रङको मार्सीमा अन्य भिटामिन पाइन्छ । जसका कारण यो धानको मूल्य नै किलोको सय रुपैयाँ पर्छ । छुमचौरबाट सन् २००५ मा संकलन गरिएको मार्सीलाई खुमलटारस्थित जैविक प्रयोगशालामा अनुसन्धान गरिएको थियो । छुमचौर समुद्र सतहबाट २८ सय ५० मिटर उचाइमा छ । मार्सीमा देखिएको समस्याबारे सन् २०१० देखि नार्कमा अनुसन्धान हुँदै आएको थियो । अनुसन्धानमा वोङ्गर विश्वविद्यालयका प्राध्यापक जोन विट्कोम र क्याथरिन स्टिल तथा जिमोन्स लन्डनकी प्रमुख वैज्ञानिक दर्शना व्यास र नार्कबाट अम्गाईले नेतृत्व गरेका थिए ।

बालीको समस्याग्रस्त जिनोमलाई हटाउन वा थप्ने कार्य मोलिक्युलर मार्कर एसिस्टेन्ट सेलेक्सन (मास) विधिबाट गर्ने गरिन्छ । मासलाई पहिलो माइक्रोस्याटलाइट प्रविधिको प्रयोग गरेर त्यसको प्रभावकारिता जाँच गरिन्थ्यो । यसपटक मार्सीमा भने कास्प (कम्पिटेटिभ एलिल इस्पेसिफिक पोलिमर्पिक चेन रियाक्सन) को प्रयोग गरिएको हो । एउटा प्रजातिको बालीको जिनोम अर्कोमा सार्दा कति सफल भयो/भएन भन्ने विषयको अध्ययन यसले गर्छ । यो प्रविधि सन् २०१५ मा विकसित भएको हो । यसअघि माइक्रोस्याटलाइट प्रविधिको प्रयोग गर्ने गरिएको थियो ।

धान फल्न मात्रै ६ महिना लाग्ने जुम्ली मार्सीमा ब्लास्ट रोग (मरुवा) को ठूलो संकट निम्त्याएको थियो । अनुसन्धानहरूले ब्लास्टको कारण जुम्ली मार्सीको उत्पादनमा २६ प्रतिशत कम हुने गरेको देखिएको छ । जुम्लामा २८ हजार हेक्टर जमिनमा धान खेती हुनेमध्ये आधामा किसानले मार्सी लगाउँदै आएका छन् । प्रिमयम मूल्य पाउने हुनाले किसानले बिक्री गर्दै आएका छन् । अहिले प्रतिहेक्टर १.८ मेट्रिक टन धान उत्पादन हुँदै आएको छ ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Tundra = रुखहरू नभएको ठाउ Alpine land above 4000 mt . is regarded as tundra zone because there are no trees rather bushes ४००० मिटर माथिको भूभागलाई तुन्द्रा प्रदेश मान्न सकिन्छ किनकि त्यहा रुखहरू नभै झाडिमात्रै पाइन्छन ।

Unprepossessing= आकर्षक नभएको The adolescents tend always to look at the mirror with the fear whether their face is unprepossessing जवानीको खुडकिलामा चढ्न लागेकाहरू कतै आफ्नो अनुहार हेर्न लाएकको छैनकी भन्ने डरले ऐनामात्रै हेरिरहने गर्दछन् ।

Vituperative = फोहरी भाषा Being gentlemen they never do vituperative dialogue भलादमी भएका हुंदा तिनीहरू कहिलेपनि फोहरी भाषामा वादविवाद गर्दैनन ।

Witticism = शब्दजालपूर्ण I rather like people who criticize openly than those who use witticism मलाई शब्दजाल पूर्ण तरिकाले भनेर चित्त दुखाउने मान्छे भन्दा खुलेरै आलोचना गर्ने मान्छे मनपर्छ ।

Ascetic = सादा, थोरैले पुग्ने Buddhist monks tend to pass an ascetic life वौध्द भिक्षुहरूले सादा जीवन ब्यतित गर्ने गर्दछन ।

Breach = उलंघन गर्नु As one of the contracting party breached the provisions made in the understanding, the other party declared the contract immediately invalid संझौता गरेको एक पक्षले संझौतामा सहमति भएका कुराको उलंघन गरेको हुंदा अर्को पक्षले तुरन्तै संझौता खारेज गरिदियो ।

Cynosure = केन्द्रविन्दु As the renowned actress entered the hall, she became the cynosure of all the eyes जब लोकप्रिय चलचित्र नायिका हल भित्र प्रवेश गरिन तिनी सबैको आंखाको केन्द्र विन्दु वनिन ।

Disseminate = फैलाउनु, छर्नु Ideas now can be dissiminated all over the world within a minute through the use of Internet इण्टरनेटको माध्यम द्वारा कुनै पनि नया विचारलाई तुरन्तै विश्वभर फैलाउन सकिन्छ ।

Extrinsic = गुदी नभएको, कम महत्वको As the testimonies were extrinsic, the judge did not admit them प्रमाणहरू महत्वहीन भएको हुंदा न्यायाधीसले त्यसलाई स्वीकारेनन ।

Frigid = अतिनै चिसो As Alaska is frigid zone, there are not much activities compared to any other zones of the earth अलास्कामा ज्यादै चिसो हुने भएको हुंदा पृथ्विको अरू ठाउमा जस्तो त्यहा धेरै क्रियाकलाप हुंदैनन ।

## Dress बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Dress oneself = आफै लगाउनु She is very old but still dresses herself उनी ज्यादै वृध्द छिन तैपनि लुगा अझै आफै लगाउछिन् ।

Dress as = जस्तो लगाउनु She ia woman but dresses as always like man उनी महिला भएतापनि पुरुषझै लुगा लगाउछिन ।

Dress for = लाउने लुगा She prefers dressing for theatre even in normal occasion तिनी सामान्य अवस्थापनि नाच्दा लाउने लुगा लगाउन मन गर्छिन ।

Dress in = मा सजिनु On every Monday of the month of Srawan the Hindu ladies tend to dress in green श्रावणको हरेक सोमवार हिन्दु महिलाहरू हरियो संगमा सजिने गर्छन ।

Dress somebody = लगाउन Do not you have enough money to dress your children well ? आफ्ना वच्चावच्चीलाई आवश्यक लुगा लगाइदिन तिमीसंग पुग्दो पैसा छैन ?

Dress by = द्वारा लगाइदिनु For coronation, the crown princess was dressed by a rising young designer राज्याभिषेकको लागि यूवराज्ञी एक यूवा डिजाइनरले वनाइदिएको पहिरनमा सजिएकी थिइन ।

Dress with something = ले सजिनु The streets of the capital city is always dressed with flags to welcome the high level guest विदेशी उच्च पाहुनाको स्वागतार्थ राजधानीको शहर झण्डैझण्डाले सजिन्छ ।

Dress something = खुत्ल्याउनु It does not take much time to dress a chicken एउटा कुखुरा खुत्ल्याउन धेरै समय लाग्दैन ।

Dress up like = चिटिक्क पर्नु Whenever he is invited, he dresses up like hero निम्तामा जादा ऊ हिरो जस्तै चिटिक्क परेर जान्छ ।

Dress something up = प्रकाश पार्नु As the facts are quite clear there is no use to dress them further up तथ्यहरूले सबै कुरा स्पष्ट पारेकै हुदा त्यसलाई अझै प्रकाश पारिरहनु आवश्यक छैन ।

## सुडोकु-अंक ३११

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | | | ४ | ३ | | ८ | ६ |
| ४ | | | ५ | | ६ | | | |
| | | | | | ९ | | | |
| ९ | ६ | २ | | | | | ३ | |
| १ | | | | | | | | ९ |
| | ५ | | | | | २ | ७ | ८ |
| | | | ३ | | | | | |
| | | | ६ | | ५ | | | ४ |
| ६ | ३ | | ७ | १ | | | | २ |

## अंक ३१० को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ९ | ८ | ७ | २ | ४ | ५ | ६ | १ |
| १ | ५ | ६ | ८ | ९ | ३ | २ | ७ | ४ |
| २ | ४ | ७ | ५ | ६ | १ | ३ | ८ | ९ |
| ४ | ६ | ३ | ९ | ७ | २ | १ | ५ | ८ |
| ५ | १ | २ | ४ | ३ | ८ | ७ | ९ | ६ |
| ७ | ८ | ९ | १ | ५ | ६ | ४ | २ | ३ |
| ८ | २ | ४ | ६ | १ | ५ | ९ | ३ | ७ |
| ६ | ७ | ५ | ३ | ४ | ९ | ८ | १ | २ |
| ९ | ३ | १ | २ | ८ | ७ | ६ | ४ | ५ |

# Defeated Generals of the US



During the Korean war (1950-1953), many a renowned general of the US gained the title of a defeated general.

**MacArthur**

In November 1950, the US stepped up preparations for a "Christmas general offensive"by hurling reinforcements into the Korean front.

MacArthur, the then Commander-in-Chief of the US forces in the Far East and commander of the "UN forces," mobilized all of the state-of-the-art weapons and other military hardware developed by the United States until then as well as divisions with rich combat experiences. He made desperate efforts by drawing on all the experiences he had gained in the wars for scores of years, in order to end the war as soon as possible. But the strong counterattack of the KPA routed the "UN forces."

In the letter sent to the US Joint Chiefs of Staff, he wrote that the KPA wasoffensive and a well-trained,professional army anditsSupreme Headquarters was brilliant in commanding and in using the principles of operational tactics. Judging that if he was tasked with the war any longer, a greater loss wouldoccur, the US administration dismissed him in April 1951.

**Ridgway**

Ridgway, who took office after MacArthur had been dismissed, was known as anofficer, who possessed a strong will and high commanding abilities, and as a schemer, who was ready even to sacrifice his life if it were for his promotion and fame.

On arriving at the front in his field jacket with hand grenades hanging on his neck, he resorted to every possible means and method to turn back the war situation. After suggesting the first armistice talks, he, behind the scenes, had "summer and autumn offensives" and other military operations conducted briskly, but all in vain. During the "autumn offensive" alone, the United States lost more than 147 000 soldiers, 279 tanks and armoured vehicles, 961 aircraft and many other military and technical equipment.

Witnessing successive defeats by the KPA soldiers whowere defending their positions based on tunnels, he said that the KPA's defence line would be the most secure among those known in the world.

At that moment, the KPA's victory in the battle to defend 1211 Height could be ascribed to the tunnel warfare, whereby the defenders could get enough rest singing and dancing to the accompaniment of frontline musical instruments amidthe enemy's frantic bombing and bombarding.

Ridgway's term expired in one year.

**Clark**

The United States pinned a great hope on Clark, who replaced Ridgway. It was because during the Second World War he accepted surrender of the German and Italian forces in Italy. Immediately after being appointed as commander of the "UN forces," he clamoured that he would have the 78 cities innorth Korea disappear from the map for good, and had straggling operations launchedby means of merciless bombing. As the last gambling, he attempted to demonstrate the might of the "UN forces" and achievean "honourable armistice" through a "new offensive." But, his dream ended in an abject failure.

He had to sign the armistice agreement.

While analyzing the Korean war, he confessed:The north Korean army could win victory thanks to outstanding command of General Kim Il Sung, who had achieved great exploits in the resistance of many years against the Japanese army until the defeat of Japan in the Second World War; he is enjoying the respect of all the Korean people, and his name is symbolic of patriotic deeds in Korea.

## Monument to the Victorious Fatherland Liberation War

On July 27, 1953, the Korean people emerged victorious in the Korean war (1950-1953) by defeating the allied imperialist forces led by the US that had boasted of being the "strongest" in the world, and thus defended the freedom and independence of their country. Their victory thwarted the ambition of the United States for world domination by using the Korean peninsula as a springboard, and safeguarded global peace and security. For the purpose ofcommemorating the day for ever, the Monument to the Victorious Fatherland Liberation War was built in July 1993 in Pyongyang, the capital of the Democratic People's Republic of Korea, on the occasion of the 40th anniversary of victory in the war.



The monument consists of the gate, the main statue *Victory* at the end of the central axis opposite the front gate and ten group sculptures standing on both sides from the gate to the main statue.




The statue *Victory* whose pedestal is inscribed with the autograph of Kim Jong Un, President of the State Affairs of the DPRK, which reads,*Honour to the Great Years*






Gate to the Monument

## डेंगु...

बताए । भरतपुरमा एक हजार छ सय ४६ जना, रत्ननगर नगरपालिकाका दुई पाँच ६५ र खैरहनी नगरपालिकामा एक सय ८४ जना संक्रमित भएका थिए । यस्तै राप्ती नगरपालिकामा एक सय जना, कालिका नगरपालिकामा ५५, माडी नगरपालिकामा ४० र इच्छाकमना गाउँपालिकामा १६ जनामा डेंगुको संक्रमण देखिएको केसीले बताए ।

डेंगु एडिस एजेप्टाइ र एडिस एल्बौपेक्टस नामक लामखुट्टेले टोकेर हुने तीव्र भाइरल संक्रमण हो । यो रोगको सङ्क्रमण देखिएका बिरामीमा टाउको दुख्ने, आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने, ढाड, जोर्नी तथा माँसपेशी दुख्ने, शरीरमा बिमिरा आउने, वाकवाकी लाग्ने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने वा शरीरमा रगत जमेको दाग देखापर्ने, बेहोस हुने आदि लक्षण देखा पर्ने चिकित्सक बताउँछन् ।

डेंगुबाट बच्ने मुख्य उपाय लामखुट्टेबाट बच्नु हो । लामखुट्टे पानीमा बस्ने भएकाले घरको वरपर वा पानी जम्ने ठाउँ जस्तैः गमला, फूलदान, खाली बट्टा, अलकत्रा वा मट्टितेलका खाली ड्रम, गाडीका काम नलाग्ने टायर आदिमा पानी जम्न नदिनु, बाहिर वा लामखुट्टेले तोक्ने ठाउँमा निस्कदा शरीर ढाकिने लुगा लगाउनुपर्ने र सुत्दा अनिवार्य झुलको प्रयोग गर्नुपर्छ, साथै साना केटाकेटीलाई जुनसुकै समयमा पनि झुलभित्र सुताउनुपर्ने उनको भनाइ छ ।

## इयुद्वारा...

प्रगतिप्रति खुसी व्यक्त गरिन् । कोभिड-१९ मा चुनौतीका बाबजुत नेपालले यी क्षेत्रमा प्रगति गरेको उनको भनाइ छ । बताइन् । सहयोग रकम ईयूबाट नेपाल सरकारको कोषमा सिधै प्रदान हुनेछ । 'ईयू र नेपाल हातमा हात मिलाएर कृषि र शिक्षाको क्षेत्रमा प्राथमिकताका साथ काम गर्छन्, हामी भविष्यमा पनि बलियो रुपमा यी क्षेत्रमा साझेदार हुन्छौं,' उनले भनिन् । ईयूका अनुसार सन् २०१९ देखि कृषि तथा ग्रामिण विकास कार्यक्रममा नेपाललाई ५ अर्ब रुपैयाँ र सन् २०१६ देखि विद्यालय क्षेत्र विकास कार्यत्रममा ११ अर्ब ३ लाख रुपैयाँ सहयोग प्रदान भइसकेको छ ।

## मणिपुर...

मणिपुरमा हिन्दु, इसाई र मुस्लिमबीच दिनानुदिन दूरी बढ्दो छ । यसले भारतीय लोकतन्त्रको असली चेहरा देखाइरहेको छ । हिंसाको तारो बनेका छन् मन्दिर र चर्च । हिन्दु बस्ने ठाउँमा इसाई लखेटिँदैछन्, इसाई बस्ने ठाउँमा हिन्दू ।

२२ हजार ३ सय २७ वर्गकिलोमिटर क्षेत्रफल रहेको मणिपुर राज्यको जनसंख्या करिब ३४ लाख छ । मिश्रित समुदायको बसोबास रहे पनि मूलतः तीन जाति मैतेई, नागा र कुकीको बाहुल्य छ । तीन समुदायमध्ये मैतेईको जनसंख्या १५ लाख बढी छ । तीन समुदायबीच द्वन्द्व चलेको पहिलेदेखि नै हो । एक अर्काको अस्तित्व स्वीकार्न नचाहने यी समूहबीचको द्वन्द्व यसपटक भने सतहमा देखिएको छ । मैतेई र कुकी मिलेरै बसेको इतिहास पाइन्छ । मणिपुरमाथि अन्य समुदायबाट हुन सक्ने सम्भावित आक्रमणलाई निस्तेज पार्न कुकी पहरेदार भएर उभिन्थे । इतिहासतिर फर्कदा मणिपुरमा मैतेई जातिको वर्चस्व थियो । तर यो समुदायले पश्चिमतिर नागा र उत्तरतिर बर्मेलीहरूबाट असुरक्षा अहसुस गरिरहेको थियो । बर्मेली र नागाहरूले आक्रमण गरी राज्य हत्याउलान् कि भन्ने त्रास उनीहरूमा थियो । यस्तो सम्भावित आक्रमणबाट बच्न मणिपुरका तत्कालीन राजा जयसिंहले ब्रिटिससँग एक सन्धि गरी देश बचाइदिन हारगुहार गरे । बर्मा (म्यान्मार) मा युद्ध लडिरहेको ब्रिटिस शासनले एउटा उपाय निकाल्यो । बर्माबाटै ल्याएको एउटा नयाँ समुदायलाई म्यान्मार र मणिपुरको सीमावर्ती क्षेत्रमा बसाल्यो । त्यो अहिलेको आन्दोलनकारी कुकी समुदाय थियो । मणिपुरमाथि अन्य जातीय समुदायबाट हुन सक्ने सम्भावित आक्रमण रोक्न पहरेदारी गर्ने तिनै कुकीहरू अहिले मैतेईको ज्यानी दुश्मन बनेका छन् । मैतेईले कुकीको ज्यान लिन पछि परेका छैनन् भने कुकीले मैतेईको ।

बर्मा कब्जाका लागि लडिरहेका ब्रिटिसहरूले सन् १८२६ मा युद्ध जिते । बर्मा इस्ट इन्डिया कम्पनीको मातहतमा आयो । बर्मासँगै ब्रिटेनले मणिपुर पनि कब्जा गऱ्यो । राजतन्त्र भए पनि अब राजाले निर्णय गर्न नपाउने भए । महत्वपूर्ण सबै निर्णय अब इस्ट इन्डिया कम्पनीले गर्न थाल्यो । सन् १८९१ पछि कम्पनीले पाँच वर्षे बालकलाई मणिपुरको राजगद्दीमा राखेर शासन गर्न थाल्यो । सम्पूर्ण भारत लगायत बर्मामा समेत राज गरिरहेको ब्रिटिसलाई केही समयपछि नै पहाडी राज्य मणिपुर घाँडो हुन पुग्यो । अन्ततः कम्पनी सरकारले मणिपुरलाई विभाजन गरिदियो । कुकी र नागालाई मणिपुरको केन्द्रभन्दा टाढा अर्थात् पहाडी र मैतेईलाई मणिपुरको केन्द्र याने इम्फालमा बस्ने व्यवस्था मिलायो । पहिलो विश्वयुद्धताका ब्रिटिसले मणिपुरी र नागाहरूलाई आफ्नो सेनामा भर्ना गऱ्यो । तर कुकीहरू भने सेनामा भर्ती हुन मानेनन् । त्यसको बदलामा ब्रिटिसले सेना पठाएर कुकीविरुद्ध आक्रमण नै गरायो । त्यसपछि कुकीहरू लडाकु बन्दै जंगल पसे । मैतेईहरूको जनघनत्व शहरी क्षेत्रमा बढ्दै गयो ।

दश प्रतिशत जमिन रहेको इम्फाल र आसपासमा ५३ प्रतिशत जमिन रहेको क्षेत्रमा २८ प्रतिशत कुकी, नागाको बसोबास छ । भारतको भूमि व्यवस्था ऐनअनुसार मैतेईहरूलाई नागा र कुकी बाहुल्य भूभागमा जमिन खरिद र बसोबास गर्न इजाजत छैन । नागा कुकीलाई भने मैतेई बाहुल्य क्षेत्रमा जमिन किन्न र बसोबास गर्न कुनै पावन्दी छैन । सक्षम र सम्पन्न भएका कारण सरकारी सेवा र शिक्षामा मैतेईलाई आरक्षण छैन । नागा र कुकीहरूलाई आरक्षणको व्यवस्था गरिएको छ । मैतेईहरू भन्छन्– हामी यहाँका आदिवासी हौं । हिन्दु हौं । तर राज्यको सेवा र सुविधाबाट हामी किन वञ्चित छौं ? राज्यले हामीमाथि किन विभेद गर्छ ? यसरी हेर्दा मैतेई कुकी द्वन्द्वको जरा राज्यशक्ति रहेको देखिन्छ । भौगोलिक शक्ति कुकीहरूसँग छ भने राजनीतिक शक्ति मैतेईहरूसँग । कुकीहरू प्रश्न गर्छन्– राजनीतिक रुपमा शक्तिशाली समुदायलाई किन चाहियो जनजातिको दर्जा ? विधानसभाको ६० सिटमध्ये ४० सिट मैतेईको कब्जामा छ । अझै कति चाहियो मैतेईहरूलाई आरक्षण ? कुकीहरू आक्रोश पोख्छन् । नागा र कुकीसरह आरक्षण पाए थप अधिकार सम्पन्न हुने र राज्यका सबै तहमा एकाधिकार जमाउने अभिष्टता पालिरहेका छन् मैतेईहरू ।

सन् १९४७ मा जब भारत स्वतन्त्र भयो मणिपुरका बारेमा व्यापक विमर्श सुरु भयो । मणिपुर त्यसबेलासम्म स्वतन्त्र राज्य थियो । मणिपुरमा नागाहरूले अलग देश माग्न थाले । कुकीहरूले देश त होइन राज्य भने अलग हुनुपर्ने माग राखे । मैतेईहरूले आफ्नो पहिचान भाषा र संस्कृतिको रहेकाले संरक्षणको प्रस्ताव अघि सारे । तर यी तीन जातिका अलग अलग प्रस्तावलाई तत्कालीन जवाहरलाल नेहरू सरकारले इन्कार गऱ्यो । नेहरू सरकारका उपप्रधान एवं गृहमन्त्री सरदार बल्लभभाइ पटेलले मणिपुरमा व्यापक रुपमा सुरक्षाकर्मी परिचालन गरे । सैनिक दमन सुरु गरियो । अन्ततः मणिपुरलाई केन्द्र शासित प्रदेश (युनियन टेरटोरी) बनाइयो । राष्ट्रपति शासनमार्फत मणिपुरको कन्ट्रोल दिल्लीले गऱ्यो । सन् १९७२ मात्रै मणिपुरले राज्यको दर्जा पाएको हो । राज्य निर्माणका क्रममा उत्तरपूर्वी अन्य राज्यलाई झैँ मणिपुरलाई पनि उपेक्षा गरियो । मणिपुरको इसतहास र त्यहाँका जनताको भविष्य केन्द्र सरकारले नामेट पारेको आरोप त्यसबेलादेखि नै लगाइएको हो । जतिबेला केन्द्र सरकारले मणिपुर राज्य बनायो त्यसबेला मैतेई, कुकी दुवै नाराज थिए । हिंसात्मक आन्दोलन चर्किन थालेपछि अहिले मणिपुरमा विगतमाझैँ केन्द्र शासित प्रदेशको माग पनि आइरहेको छ । तर मैतेई र कुकीको सशस्त्र द्वन्द्वले सो मागलाई धुलिसात पारिसकेको छ ।

वास्तवमा ब्रिटिसको मिस मेनेजमेन्टका कारण मणिपुरको भूगोल मात्र होइन धर्म र संस्कृतिमै विभाजनको बिज रोपिएको थियो । इसाई धर्मको बढ्दो प्रभावका कारण हिन्दु मैतेईहरू सशंकित बनेका छन् । हिन्दु संस्कृति र धर्म मासिँदै गएकोमा मैतेईहरू चिन्तित छन् । कुकीहरूलाई म्यानमारबाट अवैध रुपमा प्रवेश गरेको आरोप मैतेईहरूले लगाइरहेका छन् । कुकी बसोबास क्षेत्राबट अवैध लागू पदार्थको करोबार भइरहेको कुरा पनि सतहमा आएको छ । म्यान्मारको जोमी नेसनल आर्मीसँग कुकीहरूको साँठगाँठ रहेको मैतेईहरूले आरोप लगाइरहेका छन् । मणिपुर हिंसा सुरु भएको करिब दुई महिनामा झन्डै चार हजार थान हतियार राज्यको ढुकुटीबाट गायब भएका छन् । कुकीहरूको दाबी छ आन्दोलन दबाउन राज्यले नै मैतेईहरूलाई हतियार दिएको हो । मैतेईहरूको आरोप छ असम राइफलले हतियार सहयोग गरेर हामी विरुद्ध उक्साइरहेको छ । मणिपुरमा चीन, म्यान्मार हुँदै हतियार आयात हुन्छ जसमा एके १४ सेभेन एम १६ राइफल्स पनि छ । जुन कुकी मिलिटेन्स क्षेत्रमा पुग्छ । कुकी अरम्बाई टेंगोल र मैतेई लेपुन नामक सशस्त्र समूहको सहयोगमा हिंसा मच्चाइरहेको एक अर्काको आरोप छ । २०१७ पछि विरेन सिंह नेतृत्वको भाजपा सरकार सत्तामा आएपछि मणिपुरमा हतियारको लाइसेन्स बेपत्ता रुपमा वितरण गरियो । ८ हजारलाई त हतियार बोक्ने इजाजत नै दिइयो । तिनै हतियारले मणिपुर अहिले रोइरहेको छ ।

मणिपुरमा नेपालीभाषी बसोबासको दुई सय वर्ष पुरानो इतिहास छ । भारतीय गोरखा परिसंघको एक दस्तावेज अनुसार सन् १८२४ ताका मणिपुरका तत्कालीन शासक गम्भीर सिंहले गोर्खा सैनिकको सहयोगमा बर्मबाट भूमि अतिक्रमण गर्न रोकेका थिए । सुवेदार निरन्जन क्षेत्री र टेकेन्द्र जित सिंहले मणिपुरलाई अतिक्रमण हुनबाट जोगाएको इतिहास छ । मणिपुरमा ५० हजार बढी नेपालीभाषी छन् । मणिपुरको काङलातोम्बीदेखि काङपोकपीसम्मको २५ किलोमिटर क्षेत्र नेपालीभाषी बाहुल्य छ । कालापहाड, तोरीबारी, नुनपानी, मुकुली, चन्द्रमान, सेतीखोला लगायत क्षेत्रमा नेपाली मूलका मानिसहरूको बाक्लो बसोबास छ । हिंसाको चपेटामा नेपाली भाषीहरू पनि परिरहेका छन् ।

मोदी सरकार अखण्ड भारतको भित्तेचित्र संसद भवनमा राख्छ तर राज्यहरू विद्रोही बन्दै जाँदैछन् । मणिपुरमा स्वतन्त्र राज्यको नारा पनि लाग्न थालेको छ । खालिस्तान आन्दोलन चलिरहेको छ । स्वतन्त्र बंगालको बहस पनि चल्न थालेको छ । जम्मु र कास्मिरमा विद्रोह रोकिएको छैन । दक्षिण भारत भारतीय जनता पार्टी मुक्त भएको छ । भारतीय राज्यहरूलाई रेलको लिकले जोडेको छ भावनाले होइन । मणिपुर त रेल्वे सम्पर्कबाटै टाढा छ । मणिपुरमा चलिरहेको हिंसा कहिले रोकिने हो अनुमान गर्न सहज छैन । नेपालमा पनि जातीय राज्यको माग भइरहेको छ । कोसी प्रदेशको नामकरणपछि जातीय मुद्दा सतहमा आएको छ । मणिपुर हिंसाले बताउँछ जातीय हिंसा कति पीडादायी र भयावह हुन्छ ।

## कोसी...

अर्को प्रदेश सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचन मिति तोक्ने व्यवस्था पनि छ । हाल राजनीतिक दलको सत्ता केन्द्रित मानसिकताका कारण कोसीमा तत्काल गठबन्धन, कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपा र विपक्षी एमाले र राप्रपा कसैको पनि बहुमत पुग्ने अवस्था देखिँदैन ।

माओवादीले राष्ट्रपति चयनमा कांग्रेस नेता रामचन्द्र पौडेललाई समर्थन गरेपछि एमालेसँग गठबन्धन टुटेका कारण एमालेको नेतृत्वमा रहेका गण्डकीमा वैशाख १०, लुम्बिनीमा वैशाख ११, सुदूरपश्चिममा माघ २८ र कोसीमा गत असार १५ मा सरकार ढलेका थिए । केन्द्रमा फागुनमै गठबन्धन फेरिए पनि कोसीमा भने जेठ २३ सम्म माओवादी र असार १५ सम्म एमाले नेतृत्वको सरकार रहेको थियो । प्रदेश निर्वाचनपछि जसपाले नेतृत्व गरेको मधेस, माओवादीले नेतृत्व गरेको वाग्मती र कर्णाली सरकारले मात्र पाँच महिना समयावधि पार गरेका छन् ।

कोसी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एकदेखि बढीमा पाँच महिनामा सरकार फेरिँदा राजनीति खलबलिएको छ । केन्द्रीय गठबन्धनका कारण कोसी प्रदेश सरकारले ल्याएको बजेट कार्यान्वयनमा संकट उत्पन्न भएको छ । एमाले नेतृत्वको सरकारले अध्यादेशबाट बजेट ल्याएको थियो । कोसी प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलले मेरो गोरुको बाह्रै टक्का भनेजस्तै अडान नछोडे वा सर्वोच्चले सभामुखले सरकार निर्माणमा मत दिन सक्ने फैसला गरेको अवस्थामा बाहेक मध्यावधि निर्वाचनमा जाने करिब निश्चित छ । यस्तो अवस्थामा राजनीतिक दलले मध्यवधि टार्न सक्ने विकल्प छन् । ६ सिट भएको राप्रपाले गठबन्धन सरकारलाई समर्थन गरेर आलोपालो मुख्यमन्त्री लिनुपर्ने विकल्पका रुपमा हेरिएको छ । कोसीका मुख्यमन्त्री उद्धव थापाले विश्वासको मत पाउन नसकेको अवस्थामा ठूलो दल एमालेलाई जसपाले समर्थन गर्नुपर्नेछ । मधेसमा जसपा नेतृत्व संकटमा परिहाले एमालेले जोगाउने सर्तमा कोसीमा जसपाले एमालेलाई समर्थन गरे मध्यावधि टर्न सक्ने पनि विश्लेषक बताउँछन् । गठबन्धनले राप्रपालाई विश्वासमा लिने सबैभन्दा बलियो विकल्पका रुपमा हेरिएको छ ।

## महादेवको...

हुन् । हिन्दु तथा बौद्धदेखि पृथक आप्रवासीमा मुस्लिम धर्मावलम्बीसमेतको सामन्जस्यतापूर्ण बसोबास रहँदै आएको छ । पृथ्वीनारायण शाहबाट नेपालको एकीकरणको सन्दर्भमा बनारसबाट हतियार बनाउन मुस्लिम काडिगड र केही युद्धकलामा माहिर मुसलमानसमेत भित्र्याएकाले धर्मको हिसाबमा आआफ्नै धर्म मान्ने गरेको र नेपाली नागरिकको हैसियतमा हिन्दु र मुसलमानबिच एकअर्कामा साञ्जस्यता रहँदै आएको छ ।

हिमालयको दक्षिण, गंगाको उत्तर, काठमाडौं उपत्यका रूद्रको अति नै प्रिय क्षेत्र हो । हिमवतखण्ड नेपाल जहाँ शक्तिस्वरूपा देवी-देवताको वासस्थान र मानव सभ्यताको उद्गम मानिन्छ । विश्वमा ओमकार जगत्, हिन्दु र बौद्धको आधिकारिक थलोका रूपमा हिमवत्खण्ड तथा भारतखण्डको ठूलो महिमा छ । पूर्वमा ब्रह्मपुत्र पश्चिममा हिन्दुकुश, उत्तरमा कैलाश मानसरोवर र गंगासम्मको भूभाग हिमवत्खण्ड हो, भने गंगादेखि हिन्द महासागरसम्मको भूभाग भारतखण्ड हो । पहिला नेपाल अहिलेभन्दा ठुलो थियो । पाँचौं शताब्दीतिर चन्द्र गुप्त विक्रमादित्यका छोरा समुन्द्र गुप्तको प्रयोगको अभिलेखमा, 'कामरूप (आसाम) र कर्कपुर (कुमाऊँ र गडवाल क्षेत्र)का बिचको देशलाई 'नेपाल' भनी लेखिएकोबाट पनि यो तथ्य सिद्ध हुन्छ । हिमवतखण्ड नेपालको विषयलाई लिएर वशिष्ट ऋषिले वशिष्ट उपनिषद्मा उल्लेख गरेका छन्, 'भारतखण्डे उत्तरायणे हिमालय तटे स्वर्णभूमि स्वर्गभूमि ।' कालिदासले पनि कुमारसम्भवको पहिलो श्लोकमा 'हिमालय पर्वतको पूर्वदेखि पश्चिमसम्म यो आर्यभूमि हो,' भनेका छन् ।

महादेवका मन्दिरमा अविवाहित महिलाहरू पूजा आरधनामा आफ्नो, आफ्नो देश, परिवार, श्रीमान, छोरा-छोरीको समृद्धिको कामना व्रत बसेर आराधना गर्छन् । महादेवको मन्दिरमा सोमबारका दिन रातास्य नेपाल र भारतका महिलाको ठूलो भीड लाग्छ । साउन महिनामा शिवजीको पवित्र महिना मानेर के महिला के पुरुष सबै हिन्दुले पहेंला बस्त्र लगाएर नजिकमा रहेका शिवमन्दिरमा पवित्र नदी, कुण्डबाट बोलबम भन्दै घडामा जल बोकेर चढाउँछन् । नेपाल र भारतलगायत विश्वका अनेकौं स्थानमा स्थापित महादेव, शिवालय मन्दिरमा सोमबार त्यत्तिकै हिन्दु नारीहरूको जमगठ हुन्छ । आराध्यदेव पशुपतिनाथको पूजाअर्चना गर्नु आस्तिकहरू आत्मागौरव मान्छन् भने नास्तिक परम्परागत अस्तित्व ठान्छन् । शिवजी'दयगत पौराणिक इतिहासमा उल्लेख छ, हिमालयको दक्षिण, गंगाको उत्तर, काठमाडौं उपत्यका रूद्रको अति नै प्रिय क्षेत्र हो ।

त्यसरी, गोसाईकुण्ड, पिण्डेश्वरलाई समेत त्यत्तिकै पवित्र क्षेत्रका रूपमा लिइन्छ । त्यस्तै, अमरनाथ, विश्वनाथ, कैलाश मानसरोवरलाई शिवजीको तपोभूमिका रूपमा विश्वभरका हिन्दु तथा बौद्धहरू मान्ने गर्छन् । पशुपतिनाथलाई शिव, महादेव, किरातेश्वर, शंकर, शम्भु, ज्योतिलिंग, कैलाशपति आदि विभिन्न नामले पुकारिन्छ । पशुपतिनाथका तीन नेत्र हुन्छन्, तीनलाई ज्ञानचक्षु मानिन्छ । पशुपतिनाथको निधारको नेत्रमा पवित्र चन्दन लगाइएको हुन्छ जसको प्रस्तावले विश्वभरका हिन्दुले निधारमा टीका ग्रहण गर्नु आफ्नो पहिचान ठान्छन् । महाभारतकालमा युद्धको समाप्तिपछि हिमाल जाँदा पाण्डवले प्रायश्चितस्वरूप पशुपतिनाथको पूजा गरेको इतिहासमा उललेख छ ।

लिच्छविवंशका पहिला राजाले 'विक्रमादित्य'को उपाधि धारण गरेर, विक्रम संवत्को उठान गरी, 'वैशालाधिपति' को रूपमा पशुपतिनाथ र बज्रयोगिनीको तपस्या गरी शक्ति प्राप्त गरेर बत्तिसपुलतीमा आफ्नो सिंहासन कायम गरेका र उनैबाट कासीमा विश्वनाथको मन्दिर स्थापना गरिएको कुरा देवमाला बंशावली र हिमवतखण्डमा उल्लेख छ । कैलाश-मानसरोवर शिवजीको क्रिडा तथा तपस्थान हो । यो क्षेत्र हिमवतखण्डको भूभाग हो । मानवकल्याणका लागि बिषलाई आफ्नो कण्ठमा राखी त्यसको डाहाबाट मुक्त हुन त्रिशूलबाट जल निकाली कुण्ड बनाई त्यही कुण्डमा विराजमान भएकाले गोसाईकुण्डको पनि ठूलो महिमा छ । १८ पुराण सबैमा शिवको महिमा छ र शिव पुराण शिवजीको बयानको वृतान्त हो । हिमवतखण्डको पुस्तकमा, 'मरिची, पुलह, ऋतु, भृगु, अत्री आदि ऋषिले पशुपतिनाथको पूजा गरेर बसेको उल्लेख छ । पौराणिक कालदेखि नेपालका राजाले पशुपतिनाथप्रति पूजा-अर्चना, सम्मान गर्दै आएको छन् । पौराणिक कालमा नेवार राजोपाध्यायबाट पशुपतिनाथको पूजाआजा हुन्थ्यो । विक्रम सम्वत् १७१४ पछि राजोपाध्यायको सहायताका लागि बनेपाबाट नेवार जातिका पुजारीलाई पशुपतिको भण्डारे बनाइएको थियो । पछि यक्षमल्लले कर्नाटकको राजासँग सम्पर्कमा जाँदा कर्नाटक राजाले सहयोगीका रूपमा तान्त्रिक ज्ञानानन्द र लुम्मकर्ण भट्ट नेपालमा आएका र पछि तिनै तान्त्रिक भट्टहरू पशपतिनाथका पुजारी बनाइएका थिए । साउन महिनाका सोमबार पशुपतिनाथलगायत विश्वका शिवमन्दिरमा आराधनाका लागि भीड लाग्छ

विक्रम सम्वत् १४०० तिर बंगालका नबाब सुल्तान समसुद्दिनको पशुपतिक्षेत्रमा भएको आक्रमणको मुकाबिला गरेर जयस्थिति मल्ल काठमाडौं उपत्यकाको राजसिंहसानमा बसेर पशुपति क्षेत्रमा जीर्णेद्वार र पुनरुत्थान गरी पशुपति पारी राम मन्दिरको निर्माण गरेर ललितपुर कुम्भेश्वरमा महादेव स्थापना गरी कोटीहोम गर्दै शुद्धशान्ति गरेर पशुपतिनाथको मन्दिरभित्र हिन्दु तथा बौद्धबाहेक अरूहरूको प्रवेश निषेध गर्ने नियम चलाएका थिए । १४६५ सालमा पशुपतिनाथ'दयगत राजा ज्योतिर्मल्लले पशुपति अभिलेखमा उल्लेख गरेका थिए- 'पूण्यभूमि नेपालखण्डमा वत्सलेस् पाँचमुख भएका परम पशुपति बाग्मतीतिरमा हुनुहुन्छ र यही पुज्य बाशुकी नाग पनि हुनुहुन्छ ।' राजामा प्रताप मल्लले पशुपतिनाथको धेरै सेवा गरेको पशुपतिनाथमा प्रशस्त शिलालेखहरू पाइन्छन् । पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दाको समयमा पशुपतिनाथको पूजाअर्चना गरेको कुरा भाषाबंशावलीमा उल्लेख छ ।

पृथ्वीनारायण शाहको काठमाडौं उपत्यका विजयपछि १८२६ सालमा वसन्तपुर दरबारको अभिलेखमा उल्लेख छ, 'राजा पृथ्वीनारायण शाहको वंश गुह्येकाली र पशुपतिको दुई पाउका धुलाका प्रसादले नेपाल स्थिर भइरहोस् ।' यसैगरी शाहवंशीय राजामा रणबहादुर शाह र १८६७ साल मंसिरमा राजा गिर्वाणयुद्ध विक्रम शाहबाट पुजारीको अलगअलग खान्की तोकिदिएका थिए । शाहवंशीय राजालगायत राजा महेन्द्र, राजा वीरेन्द्र तथा राजा ज्ञानेन्द्रबाट पनि साविकबमोजिम चल्दै आएका पशुपतिनाथका पूजाआजा सम्बन्धी अनेकौं लालमोहरहरू लागु हुँदै आएका छन् । यो पुण्यभूमिभित्रका मान्यता, परम्परा अस्तित्व बाँचिरहोस् । तर आराध्यदेव पशुपतिनाथ र यस क्षेत्रको प्रतिष्ठा वृद्धि गर्नमा प्रयत्नशील हुनुपर्नेमा पशुपतिनाथ क्षेत्रभित्र रहेका १०८ शिव मन्दिरहरूमा पूजा आराधना गर्न कतै शिवजीको मूर्ति नै छैन, कतै मन्दिर छ, मूर्ति छैन । कतिपय ठाउँमा मन्दिर पनि छ शिवजीको मूर्ति पनि छ तर त्यसका पूजारी नै हुन्नन् । कुनै मन्दिरमा पुजारी भए तापनि टीका र प्रसाद उपलब्ध हुँदैन । पूजारीले पूजाआजाको राम्रो खर्च पनि पाइरहेका छैनन् ।

त्यस्तै, पशुपतिनाथको दर्शनको बेला भक्तजनलाई राम्रो व्यवहार गरिँदैन, रूखो व्यवहार गरिन्छ । जसले धेरै दक्षिणा दिन्छ, त्यसलाई मात्र राम्रो व्यवहार गरिन्छ भन्ने सर्वत्र सुनिन्छ । पशुपतिनाथ क्षेत्रमा पहिला पहिला सनाई, नगरा, सुरही, बाजाहरू बजेका हुन्थे, अहिले सुनिँदैन । त्यस्तै, पशुपतिनाथ तथा यहाँका मन्दिरमा घण्टहरू बजाइन्थे तर आजभोलि घण्ट बज्दैनन्, कही रालो छैन, । यसरी परम्परागत घण्टहरूलाई तन्द्रुस्त राखेर यहाँ प्रस्तुत गरिएमा गुनासामा ध्यान केन्द्रीत गरेर पशपतिकोषबाट यथाशीघ्र सुधार गरी यसलाई निरन्तरता दिई यी प्रचलनलाई कायम नै राखिनुपर्छ । त्यस्तै, आर्यघाटतर्फ जाने पशुपतिनाथको पूर्वी ढोका बन्न गरिन्छ, यसलाई कसेकम बिहान ६ बजेदेखि बेलुका १० बजेसम्म निरन्तर खुला राख्ने गरिनुपर्छ । ओम नमः शिवायः ।

## संसद भवन...

यस प्रकारको विशेष भवन नेपालमा हालसम्म बनेको छैन । यो विशेष भवन सिंहदरबार परिसरभित्र १५६.७७ रोपनीमा निर्माण भइरहेको छ । २४३८० स्क्वायर मिटर प्लिन्थ एरिया रहेको यो विशेष भवनमा ७७६५१ स्वाक्यायर मिटर फ्लोर एरिया रहनेछ ।

रु. पाँच अर्ब ६७ करोड २७ लाख लागत रहेको यो आयोजनाको निर्माण अवधि कार्य सुरु भएको समयबाट ३ वर्ष रहे पनि कोभिडलगायत विविध कारणले म्याद थप भई २०८० असोज १५ सम्म कायम गरिएको छ ।

यो भवन निर्माणमा ढिलाइ हुँदा हाल सञ्चालनमा रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रलाई ठूलो परिमाणमा भाडा तिर्नु परेकाले आयोजना छिटो सम्पन्न गर्न ठेकेदारलाई दबाब दिनु परेको महर्जनले बताउनुभयो ।

यो विशेष भवनमा हालसम्म ६४ प्रतिशतसम्म भौतिक प्रगति भइसकेको छ भने ६१ प्रतिशत वित्तीय प्रगति भइसकेको छ । इडब्लुइएस डिजीकोन इंग्नर जेभी कन्सल्टेन्ट रहेको यस परियोजनाभित्र प्रतिनिधिसभा भवन, राष्ट्रिय सभा भवन, कमन लबि अति विशिष्ट व्यक्तिहरूको कार्यालय भवन, पुस्तकालय, संग्रहालय, संसदीय दलको भवन, संसदीय समितिको भवन, संसदीय सचिवालयको भवन, चमेना गृह, प्रेस/छपाइ भवन, ७०० वटा सवारी साधन पार्किङ, सुरक्षाकर्मी भवन रहने छन् । यसका साथै खुला हरियाली क्षेत्र, पार्किङ क्षेत्र, सडक पूर्वाधार क्षेत्र र वाटर फाउन्टेन पनि रहनेछ ।

प्रतिनिधिसभामा ४०० जना माननीय अट्ने ग्राउन्डहल, विभिन्न विविध कक्षहरू सभामुखको कार्यकक्ष, पत्रकार सम्मेलन कक्ष भीआईपी रुम, कमिटी हल, ट्वाइलेट कक्ष, ३०० जना पत्रकार दर्शक आगन्तुक अट्ने बालकोनी हल, सेक्युरिटी मार्सल रुमसहित २०० जना अट्ने हल निर्माण हुनेछ ।

राष्ट्रिय सभा भवनतर्फ करिब १०० जना माननीय अट्ने ठूलो हल, विभिन्न प्रकारका प्राविधिक कक्षहरू, स्टुडियो रुम, कन्ट्रोल रुम, भिडियो रुम, रेकर्ड रुम, सभाध्यक्षको कक्ष, भीआईपी रुम, कमिटी हल, २०० जना अट्ने बालकोनी हल, ३०० क्षमताको एम हल, मेन्टिनेन्स, मार्सल र ट्वाइलेट रुम रहनेछ ।

## नेपाल...

स्वदेश फर्किएका छन् । सम्पत्ति शुद्धीकरणसम्बन्धी अधिकांश सूचकमा सुधार नदेखिएपछि एपिजीले नेपाललाई निगरानीमा राख्ने निर्णय गरेको हो । नेपाललाई करिब एक वर्षको समय दिएर निगरानीमा राखिएको छ । यद्यपि, समयको विषयमा अन्तिम निर्णय हुन बाँकी छ ।

निगरानीमा राख्ने निर्णयले तत्काल नेपाल 'ग्रे' वा 'ब्ल्याक' लिस्टेड हुनबाट जोगाएको छ । तर, यसका लागि एपिजीले सर्त राखेको छ । ती सर्त निर्धारित समयभित्र पूरा नगरे 'ग्रे' लिस्टमा जाने सम्भावना रहन्छ । सामान्यतया 'ग्रे' वा 'ब्ल्याक लिस्ट'मा लैजानुअघि एपिजीले निगरानीमा राख्छ । त्यही प्रक्रियाअनुसार नेपाल निगरानीमा परेको हो ।

## युएई...

नेपालका लागि ओपनर कुशल भुर्तेलले ४३ बलमा ७१ रनको सानदार अर्धशतक बनाए । भुर्तेलले ९ चौका र ४ छक्का प्रहार गरेका थिए ।

सन्दीप जोरा र देव खनालले समान २४-२४ रन बनाए । युएईका लागि मोहम्मद फजुरुद्दिनले ५ तथा मोहम्मद जगदुल्लाहले २ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको युएई ४४ ओभरमा १ सय ५७ रन बनाउँदै अलआउट भएको थियो । युएईका लागि लभप्रित सिंहले ८२ बलमा ५२ रनको अर्धशतकीय ईनिङ खेलेका थिए । इथान डी सोजाले १८ रन बनाउँदा भलथापाले १६ रन बनाएका थिए ।

## सम्झौतापछि...

फैलिएको झिँगा व्यवस्थापन गर्ने र बन्चरेडाँडा र सिसडोलको वातावरणीय प्रभाव मूल्यांकन (इआइए)गर्न बिहीबारनै विज्ञसहितको टोली अनुसन्धानका लागि पठाउने सहमतिपछि फोहोर ढुवानीको समस्या हटेको छ । ककनी गाउँपालिका अध्यक्ष सुमन तामाङले सहमतिपछि चार दिनदेखि फोहोर ढुवानीमा हुँदै आएको अवरोध हटेको बताए । उनले भने, 'मन्त्रालयसँगको छलफलमा साथीहरू जानुभएको थियो । छलफलपछि फोहोर बोकेका चार-पाँचवटा फोहोर बोकेका गाडी आइसकेका छन् ।'

## २६ अर्ब...

आव २०७८-७९ मा अघिल्लो वर्षको तुलनामा करिब २२ अर्ब ८ करोड रुपैयाँ लगानी प्रतिबद्धता वृद्धि भएको थियो । आव २०७७-७८ मा ३२ अर्ब ७ करोड रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो । सेवा क्षेत्र, पर्यटन, सूचना प्रविधि, कृषि तथा वनमा आधारित उद्योग, 'म्यानुफ्याक्चरिङ' लगायतका क्षेत्रमा लगानी स्वीकृत भएको उद्योग विभागका सूचना अधिकारी रमिला भण्डारीले बताइन् । उनले विदेशी लगानीकर्ताले सानादेखि ठूला उद्योगमा लगानी गर्न कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता गरेर उद्योग विभागबाट अनुमति लिएको जानकारी दिइन् ।

सरकारले प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउन विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन बनाएको छ । उद्योग विभागका अनुसार हालसम्ममा वैदेशिक लगानी प्रतिबद्धता ४ खर्ब ५६ अर्ब ३८ करोड १० लाख ४२ हजार रुपैयाँ पुगेको छ । गत असारमा मात्रै ५४ वटा उद्योग खोल्ने प्रतिबद्धताका साथ ३ अर्ब ७१ करोड ५५ लाखको लगानी प्रतिबद्धता आएको छ । गत आव २०७९-८० मा आएका ३ सय २७ वटा नयाँ लगानी प्रतिबद्धतामध्ये साना आकारमा २ सय ९७ वटा, मझौला २५ वटा र ठूला पाँचवटा रहेका छन् । जसमा सबैभन्दा बढी उद्योग पर्यटन र सेवासँग सम्बन्धित रहेको छ । पर्यटन र सेवासँग सम्बन्धित जम्मा ६८ प्रतिशत रहेका छन् । सेवामा ३४ प्रतिशत र पर्यटनमा ३४ प्रतिशत विदेशी लगानी आउने प्रतिबद्धता आएको हो । उत्पादनसँग सम्बन्धित ९ प्रतिशत, आइसिटीसँग सम्बन्धित ६ प्रतिशत, कृषिसँग सम्बन्धित १ प्रतिशत, इनर्जीसँग सम्बन्धित १ प्रतिशत रहेको छ ।

गत आवमा आएका यी उद्योगले कुल १७ हजार जनालाई रोजगारी सिर्जना हुने अपेक्षा गरिएको छ । गत आवमा सबैभन्दा बढी लगानी प्रतिबद्धता चैत महिनामा आएको थियो । सो महिना ७ अर्ब ५५ करोडको प्रतिबद्धता आएको थियो । सबैभन्दा कम माघ महिनामा १ अर्बको आएको थियो । सोभन्दा अघिल्लो आव २०७८-७९ को असोजमा ११ अर्ब, जेठमा १० अर्ब आएको थियो ।

## थप बिजुली...

यो सम्झौतापछि भारतले पाँच वर्षसम्म थप ३०० मेगावाट बिजुली लैजान्छ । भारतले यो बिजुली हरियाणा राज्यमा लैजाने उल्लेख गरिएको छ ।

## सोविता...

समेटिएका थिए । संस्थाले सर्टलिस्टमा समावेशमध्ये ५ जनालाई अवार्ड प्रदान गर्दै आएको छ । आयोजक वन योङ वर्ल्डका अनुसार प्रतिस्पर्धीहरूमध्येबाट २७ वर्षीया सोबिता गौतमसँगै क्यानडाकी एरिइल्ले कायाबागा, अष्ट्रेलियाकी अयोर मकुर चुओट र न्यूजील्याण्डका मोको तेपानिया र बेल्जियमका स्यामुअल कोगोलातीले अवार्ड हात पारेका हुन् । संस्थाले नेपाली इतिहासमा सबैभन्दा कान्छी सांसद र रास्वपाको संस्थापक सदस्यको रूपमा गौतमलाई सर्ट लिस्टमा छनौट गरेको थियो । उनलाई बिजलु नपुगेको गाउँमा जन्मिएकी र राम्रो स्रोत साधन नभएको सरकारी विद्यालयमा पढेकी सोबिता आफ्नो भाषण सामाजिक सञ्जालमा अत्यधिक रुचाइएसँगै राजनीति उदाएकी पात्रको रूपमा चिनाइएको छ । आफ्नो समुदाय र देशमा युवा मानिसमा सकारात्मक प्रभाव पार्न भूमिका खेलिरहेका विश्वका उच्च राजनीतिज्ञमध्ये पाँच जनालाई यो उपाधि दिने निर्णय गरिएको आयोजकले बुधबार राति घोषणा गरेको हो । संस्थाले द वन योङ वर्ल्ड पोलिटिसिएन अफ द इयर अवार्ड हरेक वर्ष १८-३५ वर्ष उमेर समूहका प्रभावशाली राजनीतिज्ञहरूलाई प्रदान गर्छ ।